मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ | अंक ३५२ | २०८० साल कार्तिक २२ गते बुधबार | Wednesday 08, November 2023 | सूर्योदय: बिहान ६:१९ बजे | सूर्यास्त: साँझ ५:१८ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## पाठेघरको अपरेसन गर्दा महिलाको मृत्यु




**सञ्जय मिश्रा**
**रौतहट ।**
निजी क्लिनिकमा विनासुबिधा जथाभाबी पाठेघरको अपरेसन गर्दा बिरामी महिलाको मृत्यु भएपछि डाक्टर तथा क्लिनिक सञ्चालक फरार भएका छन् । गौर चन्द्रपुर सडकखण्डअन्तर्गत बिर्तामा रहेको इमर्जेन्सी जनसेवा हस्पिटलमा जथाभावी पाठ्यघरको अपरेसन गर्दा बिरामी महिलाको मृत्यु भएपछि अपरेसन गर्ने डाक्टर र सञ्चालक गरुडा ८ का राजेन्द्र यादव फरार भएका छन् ।
डाक्टरको लापरबाहीले चन्द्रपुर नगरपालिका–७ बनबौहरीका ईब्राहिम सिद्धिकिको ३० वर्षीया पत्नी नुर्जहान खातुनको ज्यान गएको पीडित परिवारले बताएको छ । पछिल्लो समय पेट दुख्नेलगायतको समस्या हुँदा खातुनलाई अस्पतालमा चेकजाँच गराउँदा डाक्टरले पाठेघरको अपरेसन गर्नुपर्ने बताएका थिए । डाक्टरको सुझावअनुसार सोमबार बिरामीलाई इमरजेन्सी जनसेवा हस्पिटल बिर्तामा अप्रेसन गराउन लगिएको थियो । सोमबार साँझ डाक्टरले खातुनको पाठेघरको अपरेसन गरेपछि उनी अत्यन्तै सिकिस्त भएको पति सिद्धिकीले बताए । अचेत भएकी बिरामी खातुनलाई डाक्टरको सल्लाहअनुसार थप उपचारका लागि एम्बुलेन्सबाट वीरगंजस्थित मेट्रो सिटी अस्पतालमा लैजाँदा सोमबार राति डाक्टरले मृत घोषणा गरेको थिए । बिरामी नुरजहाँ खातुनको मृत्युपछि मंगलबार दिउँसो पीडित परिवार र स्थानीय हस्पिटलका सञ्चालक यादव र उपचारमा संलग्न डाक्टरलाई पक्राउ गर्न माग गर्दै हस्पिटलअगाडि बिरोध प्रदर्शन गरिएको छ । घटनापछि हस्पिटलका सञ्चालक राजेन्द्र यादव र त्यहाँ कार्यरत डाक्टर हस्पिटल बन्द गरेर फरार भएका छन् । इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी ओम प्रकाश खनालले घटना पुष्टि गर्दै मृतक महिला खातुनको शव फोरेन्सिक स्वास्थ जाँचका लागि शिक्षण अस्पताल काठमाडौँ पठाइएको बताए ।
साथै महिलाको अपरेसन गर्ने डाक्टर तथा हस्पिटल सञ्चालक यादवको खोजी तथा थप अनुसन्धान भइरहेको बताएका छन् । अस्पताल सञ्चालक पैसाको लोभमा परेर सीमावर्ती भारतीय बजारबाट डाक्टरका सहयोगी कम्पाउन्डरलाई बोलाएर बिभिन्न प्रकारको अपरेसन गराउँदै आएको पीडित परिवारको आरोप छ । बिरामीलाई बेहोस गर्ने दक्ष जनशक्तिबिना अपरेसन कक्षासमेत उचित व्यवस्थापन बिना पाठेघरको अपरेसन गरेकाले खातुनको मृत्यु भएको पीडित परिवारको भनाइ छ ।
रौतहटमा नियमनकारी निकायको अभावमा जिल्लाको ग्रामीण क्षेत्रमा बिनासुविधाको दक्ष जनशक्ति नहुँदै दर्जनौँ अस्पताल सञ्चालन गरिएको छ ।

## बन्दुक देखाएर कागजातमा औँठाछाप लगाएको आरोप
## प्रहरीले जाहेरी लिएन, उल्टै २० लाख ऋणको तमसुक

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषामा हतियार देखाएर जबर्जस्ती सरकारी कागजमा औँठाछाप गराएको भन्दै जेष्ठ नागरिक न्यायका लागि भौंतारिइरहेका छन् । हँसपुर नगरपालिका वडा नम्बर ४ मणिपट्टीका ६३ वर्षीय रामआशिष दासले वैशाख २५ गते नकाबधारी समूहले अपहरण गरी कागजमा सहीछाप गराएको भन्दै ६ महिनादेखि न्यायका लागि दौडधूप गरिरहेको बताए । प्रहरीले समेत जाहेरी लिन नमानेपछि दासले सञ्चारकर्मी गुहार्दै न्यायका लागि अपिल गरेका हुन् । दासका अनुसार, उनलाई आपराधिक समूहले वैशाख–२५ गते अपहरण गरेको थियो । जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १६ पुलचोकमा किराना पसल चलाउँदै आएका दास पसल बन्द गरी राति ९ बजे घर जाने बेलामा अपहरणमा परेका हुन् ।
२०–२५ जनाको समूहमा आएका अपहरणकारीले नेपाली कागजमा सहीछाप गराएको दासको भनाइ छ । हुलाकमार्फत जिल्ला प्रहरी कार्यालय धनुषालगायतका निकायमा दासले दिएको जाहेरीमा अपहरणमा हँसपुर नगरपालिका वडा नम्बर १ पौडेश्वर निवासी रामविलाश दास, इन्द्रकुमार दास र उनका छोरा रामकुमार दास संलग्न रहेको उल्लेख गरेका छन् । अपहरणमा परेको भोलिपल्ट कपिलेश्वर प्रहरी पोष्टमा दासले उजुरी दिए । त्यहाँ कुनै सुनुवाइ नभएपछि वैशाख २७ गते जिल्ला प्रहरी कार्यालय धनुषामा घटनाबारे निवेदन दर्ता



गराउन पुगे पनि निवेदन लिन नमानेको दासले बताए । साउन २१ गते जनकपुरधामस्थित जिल्ला सरकारी वकिल कार्यालयमार्फत उनको जाहेरी हुलाकको पत्रमार्फत जिल्ला प्रहरी कार्यालय धनुषामा दर्ता गरिएको दासले बताए । जाहेरी दर्ता भए पनि प्रहरीले भने घटनाको अनुसन्धान गर्न आलटाल गरिरहेको आरोप पीडितको छ ।
उता पीडक भनिएका रामविलासले महोत्तरी वडा नम्बर ५ का ४२ वर्षीय अशोक कुमार ठाकुरले रामआशिष दासलाई २० लाख रुपैयाँ ऋण दिएको तमसुकको कागजसहित जिल्ला अदालत धनुषा पुगेका छन् । यद्यपि दासले आफूले कहिल्यै कसैसँग ऋण नलिएको दाबी गरे । उनका अनुसार तमसुकको कागज पनि आफूले अदालतबाट प्राप्त गरेको र आफूविरुद्ध जिल्ला अदालतमा ऋण लिएर पैसा नतिरेको सम्बन्धी मुद्दाको समनसम्म नपुगेको बताए ।

## एसपी खड्का प्रधान कार्यालय तानिए

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आरती साह हत्या प्रकरणमा न्याय माग्न पुगेको आरतीको परिवारमाथि कुटपिटको आरोप लागेका जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी प्रमुख एसपी विश्वराज खड्का प्रधान कार्यालय तानिएका छन् । प्रहरी प्रधान कार्यालयले उनलाई अपराध अनुसन्धान विभागमा काज सरुवा गरेको हो । आरतीको रहस्यमय मृत्युबारे धनुषाका प्रहरी प्रमुख खड्काको भूमिकाका बारेमा धेरै प्रश्न उठेपछि प्रहरी प्रधान कार्यालयले उनलाई तानेको हो । जनकपुरधामकी आरतीको हत्या घटनामा प्रहरीले राम्रोसँग अनुसन्धान नगर्दा एसपी खड्का




मात्र होइन सिंगो प्रहरीको आलोचना भएको छ । साहका परिवार चार महिनादेखि काठमाडौँको माइतीघरमा धर्नामा बस्दै आएका छन् । एसपी खड्का र डिएसपी वेदप्रकाश गौतमलाई कारबाहीको माग राख्दै उनीहरु धर्नामा बसेका थिए । जनकपुरधाम उपमहानगर पालिका ९ थापाचोककी २२ वर्षीया आरतीको जेठ ७ गते रहस्यमय मृत्यु भएको थियो । आरतीको हत्या भएको र न्याय पाउने आश नदेखेपछि उनका माइती पक्ष काठमाडौँमै आएर अनसन छन् । जनकपुरधाममा न्याय पाउने आश आशा मरेपछि असार १ गतेदेखि आन्दोलनमा छन् ।
आरतीकी आमा निर्मलादेवी, भाइ धिरज, बहिनी मनिषा र ठूलीआमा रञ्जनादेवी काठमाडौँमा दबाब दिन आएका थिए । तर आन्दोलन गर्दा उल्टै दमन भएपछि अनसन बसेका छन् ।आरतीको हत्यामा उनकै पति मोतीबाबु र ससुरा मदनमोहनको संलग्नता रहेको भन्दै उनीहरुविरुद्ध माइत पक्षले ज्यानसम्बन्धी प्रहरीमा जाहेरी दिएको थिए । जिल्ला सरकारी वकिल कार्यालयले जिल्ला अदालतमा आरतीका पति र ससुराविरुद्ध असार १ गते ज्यानसम्बन्धी मुद्दा दर्ता गरेको थियो ।

## एक घण्टाका लागि प्रतिभा बनिन् विदेह नपाका मेयर



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
कक्षा १२ मा अध्यनरत्त १८ वर्षीय प्रतिभा कुमारी सहनी साँकेतिक पमा एक घण्टाका लागि विदेह नगरपालिकाको नगर प्रमुख बनेकी छन् ।
बालिकाहलाई सशक्तिकरण गर्ने उदेश्यले प्लान इन्टरनेशनल नेपालको 'गर्ल्स टेक ओभर' कार्यक्रम अन्तर्गत प्रतिकात्मक पमा उनलाई विदेह नगरपालिकाको नगर प्रमुख बनाइएको हो । विदेह नगरपालिकाका नगर प्रमुख बेचन दासले आफू बसेको कुर्सी खाली गरेर प्रतिभालाई नगर प्रमुख पदको जिम्मेवारी हस्तान्तरण गरेका थिए । नगर प्रमुखको पदभार ग्रहण गरेपछि संचारकर्मीलाई प्रतिक्रिया दिदै प्रतिभाले जिवनमा नगर प्रमुख बन्छु भन्ने कुरा कहिले पनि आफुले नसोचेको र आज आफु नगर प्रमुखको कुर्सीमा बिरजमान भएपछि आफुलाई भाग्यमानी ठानेको बताईन् । उनले आफु शु देखिनै शिक्षक बन्न चाएको बताएकी थिईन् । केही वेरका लागि नगर प्रमुख बनेकी प्रतिभाले नगरपालिका कार्यालयमा उपस्थित कर्मचारीहसँग नगरपालिकाले गर्ने कामकाज , हाल सम्म नगरमा भएका कामकाज र आम नागरिकको समस्याका वारेमा जानकारी लिएकी थिईन् ।
उनलाई विदेह नगरपालिकाका कार्यकारी अधिकृत संजिव साहले नगर प्रमुखको काम कर्तव्य र हाल सम्म नगरपालिकामा भएका विकास निमार्णको कामका बारेमा जानकी गराएका थिए ।
प्रतिभालाई विदेह नगरपालिकाका किशोरीहले शिक्षा र स्वास्थयको क्षेत्रमा नगरपालिकाका किशोरीहले भोग्दै आएको समस्याको बारेमा जानकारी गराएका थिए ।
कार्यक्रममा उठेका विषय वस्तुहको जवाफ दिदै विदेह नगरपालिकाका नगर प्रमुख बेचन दासले नगरको स्वप फेरिने किसिमले कामकाज अगाडी बढाइएको बताए । उनले वितिय समानीकरणका लागि आएको १० करोड ७१ लाख रकम मध्ये चार करोड २० लाख बजेट शिक्षा क्षेत्रको लागि मात्रै छुटयाएको बताए । उनले यस आर्थिक वर्षमा कृषि विद्युतीकरणमा २ करोड रकम छुटयाएको र अगामी दिनमा किसानलाई सिचाइको समस्या समाधान हुने बताए । उनले शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा रोखर कामकाज भइरहेको र नगरको ९ वटै वाडामा स्वास्थ्य चौकी रहेको बताए ।
कार्यक्रममा नगरपालिकाको कार्यपालिका सदस्यहको समेत उपस्थिती रहेको थियो ।हरेक वर्ष ११ अक्टोबरमा 'अन्तर्राष्ट्रिय बालिका दिवस' मनाउने गरिएको छ । प्लान इन्टरनेशनलको अभियानको पैरवीका कारण सन् २०११ मा संयुक्त राष्ट्र संघले हरेक वर्ष अक्टोबर ११ लाई बालिका दिवस घोषणा गरेसँगै अन्तर्राष्ट्रिय बालिका दिवस सन् २०१२ देखि संसारभर मनाउन थालिएको हो । बालिका दिवस सु भएको एक दशक पुरा भएको सन्दर्भमा यस वर्ष अझ विशेष बनेको छ । समाजमा जकडिएको लैंगिक विभेदका कारण बालकको तुलनामा बालिका तथा किशोरीहरू बढी विभेद, हिंसा, दुव्र्यवहारको जोखिममा हुने भएकोले यो दिवसको परिकल्पना गरिएको हो । यस वर्षको बालिका दिवसको नारा बालबालिकामा लगानीः सुनिश्चित भविष्यको थालनी रहेको छ ।
बाल अधिकार त्यसमा पनि विशेषतः बालिकाहरूलाई केन्द्रमा राखी कार्यरत संस्था प्लान इन्टरनेशनलले बालिका दिवसको अवसरमा विश्वभर नै 'गर्ल्स टेक ओभर' अर्थात 'बालिका तथा किशोरीलाई पद हस्तान्तरण' कार्यक्रम आयोजना गर्दै आएको छ । यो किशोरी सशक्तिकरणको एक नियमित अभियान हो । नेपालमा बालिका केन्द्रित विभिन्न नागरिक समाजहरूसँगको हातेमालोमा विगत झैं यस वर्ष पनि संघीय र जिल्लास्तरमा गर्ल्स टेक अभर अभियानलाई निरन्तरता दिने भएको छ । गर्ल्स टेक ओभर देशभरका ७ जिल्लामा ५० जना किशोरीहरूले विभिन्न संस्थाहरूमा ५० भन्दा बढी पदको नेतृत्व लिइएको छ ।

## वीरगंज गोल्डकपमा त्रिभुवन आर्मी विजयी

**आजको खेलः वीरगन्ज भेट्रान सिटी क्लब विरुद्ध नेपाल पुलिस क्लब**







**मधेशदृष्टि**
**वीरगंज ।**
प्रथम वीरगंज गोल्डकप फुटबल प्रतियोगितामा त्रिभुवन आर्मी क्लब काठमाडौँ विजयी भएको छ । प्रतियोगिता अन्तर्गत मंगलबार वीरगंजस्थित आदर्शनगर रंगशालामा भएको खेलमा त्रिभुवन आर्मीले झापा एएफसीलाई शुन्यकाविरुद्ध २ गोलले पराजित गरेको हो । खेलको ७ औँ मिनेटमा त्रिभुवन आर्मीका जर्सी नम्बर ७ का खेलाडी निरज कुमार साहले गोल गर्दै टिमलाई सुरुवाति अग्रता दिलाएका थिए । त्यसैगरी त्रिभुवन आर्मीकै जर्सी नम्बर ३६ का खेलाडी फत्तेमान घलेले दोश्रो हाफको छैटो मिनेटमा थप १ गोल गरी टिमको जित सुनिश्चित गरेका थिए । प्रतियोगितामा झापा एएफसीले निरन्तर प्रहार गरेपनि गोलमा भने परिणत गर्न नसक्दा हार व्यहोर्नु परेको थियो । प्रतियोगिताको म्याद अफ दि म्याच त्रिभुवन आर्मीका फत्तेमान घले भए । बुधबार प्रतियोगिताको पहिलो सेमिफाइनलमा आयोजक वीरगन्ज भेट्रान सिटी क्लब र नेपाल पुलिस क्लब काठमाडौँ भिड्ने छन् । मधेस प्रदेशकै सर्वाधिक धनराशीको प्रतियोगिता आगामी कार्तिक २५ गतेसम्म जारी रहने छ । प्रतियोगिताको उपाधि विजेता टिमले नगद ११ लाख ११ हजार १ सय ११ रुपैयाँ र उपविजेता टिमले नगद ५ लाख ५५ हजाार ५ सय ५५ रुपैयाँ पुरस्कार पाउने छ ।

# प्रधानमन्त्री राहत कोषमा पार्टीहरुको सहयोग



नेपाली कांग्रेसले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ५० लाख रुपैयाँ सहयोग गरेको छ । कांग्रेसका सभापति शेरबहादुर देउवासहितको पदाधिकारीहरुको प्रतिनिधि मण्डलले मंगलबार बिहान प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई बालुवाटारमा भेटी चेक हस्तान्तरण गरेको हो । कांग्रेसले भूकम्पपछिको उद्धार, राहत, पुनःस्थापना र पुनःनिर्माणका लागि नौ बुँदे सुझाव पेश गर्दै सरकारको ध्यानाकर्षण पनि गराएको छ । कांग्रेसले भूकम्पपछिको खोज र उद्धारमा प्रधानमन्त्रीको तदारुकता र तत्परताको प्रशंसा पनि गरेको छ । कांग्रेसले राहत र पुनःनिर्माणका लागि अनुभवी कर्मचारी परिचालन, अस्थायी आवासको व्यवस्था, उद्धार र पुनःस्थापनामा एकद्वार प्रणाली अनुसरण गर्दा प्रदेश सरकार र स्थानीय सरकारलाई नै नेतृत्वदायी भूमिका दिई सङ्घीय सरकारको अनुगमन र सहजिकरणका लागि सुझाव समेत दिएको छ । कांग्रेस सभापति देउवासँगै महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा, प्रचारविभाग प्रमुख मीनबहादुर विश्वकर्मालगायत थिए । प्रधानमन्त्री प्रचण्डले विगतका राम्रा अनुभवहरुको अनुसरण गर्ने बताए । उनले खोज र उद्धारको पहिलो चरणको काम सफलतापूर्वक सम्पन्न भएको बताउँदै अब राहत र पुनःनिर्माणको दोस्रो चरणको काम द्रुतगतिमा हुने बताए । उनले भने, 'हिजो मात्र दुवै छिमेकी राष्ट्रका राजदूतलाई छुट्टाछुट्टै बोलाएर राहतका लागि कुरा भएको छ । उहाँहरुले राहतका लागि आफूहरु सुरुवात गरेको बताउनुभयो । यसरी सबैतिरबाट आर्थिक र अन्य सहयोगहरु आउने क्रम जारी छ ।' प्रधानमन्त्रीले आगामी दिनमा भूकम्पलगायतका अन्य प्राकृतिक प्रकोपका लागि स्थानीय तहमा भण्डारणको व्यवस्था गर्ने, भूगोलको अध्ययन गरेर एकीकृत बस्तीको मापदण्ड तोक्ने लगायतका कामबारे छलफल भएको बताए । उनले नेपालीहरुमा संकटको बेला एकैठाउँमा उभिने संस्कार विगतका प्राकृतिक विपतमा झैं यसपटक पनि सबै एकजुट भएको बताए । मंगलबार नै नेकपा (एकीकृत समाजवादी)ले पनि २५ लाख रुपैयाँ सहयोग गरेको छ । पार्टीका अध्यक्ष माधवकुमार नेपाल लगायतका नेतासहितको प्रतिनिधि मण्डलले प्रधानमन्त्रीलाई बालुवाटारमा भेट गरी २५ लाख रुपैयाँ बराबरको चेक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको लागि हस्तान्तर गरेको थियो ।

# घाइतेहरुसँग राष्ट्रपति



**रासस**
**काठमाडौं ।** राष्ट्रपति रामचन्द्र पौडेल भूकम्प प्रभावित क्षेत्र जाजरकोट पुगेर घाइतेहरुको अवस्थाबारे जानकारी लिएका छन् । जाजरकोट अस्पताल पुगेको राष्ट्रपति पौडेलसँग घाइतेहरुले उपचार, खाद्यन्न, घर निर्माणसहित बाँच्ने आधारको व्यवस्था गरिदिन आग्रह गरेका थिए । राष्ट्रपति पौडेलले भूकम्प प्रभावितलाई आवश्यक बसोबास, खाद्यन्नलगायत सबै कुराको प्रबन्ध हुने र त्यसका लागि आफूले सरकारसँग कुरा गर्ने बताएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए । राष्ट्रपतिको भनाइ उद्धृत गर्दै सल्लाहकार पोखरेलले भने, 'तपाईंहरुका लागि अल्पकालीन र दीर्घकालीन आवश्यकताको पहिचान गरी सोको व्यवस्था हुन्छ । चिन्ता गर्नु पर्देन । म सरकारसँग कुरा गर्छु ।' जाजरकोटका प्रमुख जिल्ला अधिकारी सुरेश सुनारले भूकम्पबाट भएको क्षतिबारे राष्ट्रपतिलाई जानकारी गराएका थिए भने घाइतेहरुको अवस्थाबारे जिल्ला अस्पतालका चिकित्सकहरुले जानकारी गराएका थिए । गत शुक्रबार राति गएको भूकम्पबाट प्रभावित नागरिकको अवस्था बुझ्न राष्ट्रपति पौडेल मंगलबार सुर्खेतबाट जाजरकोट पुगेका हुन् । उनका प्रेस सल्लाहकार पोखरेलका अनुसार राष्ट्रपति पौडेल सदरमुकाम खलङ्गा, रामीडाँडा, नलगाड तथा रुकुम पश्चिमको आठविसकोट पुगेर भूकम्प प्रभावितको राहत र उद्धारको अवस्थाका बारेमा जानकारी लिएका छन् । राष्ट्रपति पौडेलका साथमा उपप्रधानमन्त्री एवम् रक्षामन्त्री पूर्णबहादुर खड्का, जाजरकोटका प्रदेश सांसद, प्रधानसेनापति सहभागी छन् । भूकम्पपछिको अवस्था अनुकूल नभएको भन्दै राष्ट्रपति पौडेलले कात्तिक २२ गतेदेखि तय भएको आफ्नो युरोप भ्रमण सोमबार स्थगित गरेका थिए ।

# त्रिपालको सहारामा भूकम्पपीडित

**हेमन्त केसी**
**जाजरकोट ।** जाजरकोट सदरमुकामको सडक हरिया त्रिपालले भरिभराउ छ । भूकम्पका कारण घर भत्किएर खुला आकाशमुनि बसिरहेका स्थानीयवासीलाई सशस्त्र प्रहरीले निर्माण गरेका त्रिपालले चिसोबाट जोगाएको छ । पुराना परम्परागत शैलीमा निर्माण भएका अधिकांश घर भत्किएपछि विस्थापितलाई चिसोबाट जोगाउन र सुरक्षितरुपमा राख्न सशस्त्र प्रहरीले त्रिपालको व्यवस्था गरेको छ ।

सशस्त्र प्रहरीले त्रिभुवन माध्यमिक विद्यालयको प्राङ्गणमा समेत त्रिपालको व्यवस्था गरी सर्वसाधारणलाई भूकम्पबाट जोगाउने अभियान थालेको छ । पटक–पटक आउने पराकम्पका कारण घरभित्र बस्ने अवस्था छैन । पीडितीले त्रिभुवन माध्यमिक विद्यालयमा निर्माण गरिएका त्रिपालमुनि रात कटाउने गरेका छन् । भेरी नगरपालिका–२ का प्रदीप खड्काले विद्यालयमा बनाएको टेन्टमा बस्दा सुरक्षित रहेको अनुभूति भएको बताए । सशस्त्र प्रहरीको टोली राहत वितरण भइरहेको पालिकाका विभिन्न वडामा पुगेको छ । उनीहरु राहत सामग्री वितरणमा सहयोग गर्ने, भूकम्पबाट पीडितलाई सम्झाइबुझाई गर्नेदेखि टेन्ट निर्माणमा सघाइरहेका छन् । नलगाड नगरपालिका–२ रिजामा सशस्त्र प्रहरी बलको टोलीले त्यहाँ राहत वितरणमा सहयोग गर्दैछ । मानसिकरुपमा तनाबमा रहेका सर्वसाधारणलाई सम्झाइबुझाई गर्ने काम सशस्त्र प्रहरीले गरिरहेको छ । सदरमुकामभन्दा बाहिरका पालिकामा सबै निकायको ध्यान कम पुगेको छ । पटक–पटक पराकम्प गइरहेकाले भूकम्पबाट कसरी जोगिने भन्ने विषयमा स्थानीयवासीलाई पर्याप्त जानकारी छैन । स्थानीय तहले ओढ्ने ओछ्याउने व्यवस्था पर्याप्तरुपमा गर्न नसक्दा त्रिपालभित्र बस्ने पीडितले हैरानी खेप्नुपरिरहेको बताइएको छ । भेरी नगरपालिका–३ का गणेश थापाले न्यानो कपडा नपाएको गुनासो गरे । सदरमुकामभन्दा बाहिर अधिकांश ठाउँमा राहत सामग्री पुग्न सकेको छैन । राहत वितरणमा मापदण्ड निर्माण नगरी जथाभावी बाँड्दा समस्या भइरहेको छ । गाउँ–गाउँमा पुगेका सङ्घसंस्थाका प्रतिनिधिले आफूअनुकुल राहत सामग्री तथा खाद्यान्न वितरण गर्दा समस्या भएको छ । बारेकोट गाउँपालिकामा सोमबार दिउँसो राहत सामग्री पुगेको छ । गाउँपालिकाका अध्यक्ष वीरबहादुर गिरीका अनुसार सर्वसाधारण खुला आकाशमुनि बसिरहेका छन् । उनीहरुलाई अब चिसोबाट जोगाउनु मुख्य समस्या भएको उनले बताए ।



### परकम्पबाट १३ जना घाइते

सोमबार गएको परकम्पबाट जाजरकोट र रुकुम पश्चिममा गरी १३ जना घाइते भएका छन् ।

सोमबार अपराह्न साढे ४ बजे रामीडाँडा केन्द्रबिन्दु भएर गएको परकम्पबाट जाजरकोटमा दुई तथा रुकुम पश्चिममा ११ जना घाइते भएका जाजरकोटका प्रमुख जिल्ला अधिकारी सुरेश सुनारले जानकारी दिए ।

### बालबालिकाले बढी ज्यान गुमाए

जाजरकोट केन्द्रबिन्दु भएर गएको भूकम्पमा परी मृत्यु भएकामध्ये झण्डै आधा सङ्ख्यामा बालबालिका रहेका छन् । प्रहरीले उपलब्ध गराएको तथ्याङ्कअनुसार ज्यान गुमाउनेमा एक सय ५७ मध्ये ७८ बालबालिका छन् । जाजरकोटमा ५० र रुकुम पश्चिममा २८ बालबालिकाको भूकम्पमा परी मृत्यु भएको प्रहरी नायब उपरीक्षक सन्तोष रोकाले जानकारी दिए । यस्तै रुकुम पश्चिममा भूकम्पमा परी ५२ जनाको मृत्यु भएकामा २८ बालबालिका रहेका जिल्ला प्रहरी प्रमुख नमराज भट्टराईले जानकारी दिए । भूकम्पमा परी मृत्यु हुनेमा बालबालिकापछि महिला धेरै रहेका छन् ।

# भूकम्पपीडितलाई राहत

**लुम्बिनी ।** रुपन्देहीका स्थानीय तहले जाजरकोटको भूकम्पपीडितका लागि राहत प्रदान गरेका छन् । बुटवल उपमहानगरपालिकाले भूकम्प प्रभावितका लागि राहत सामग्री पठाएको छ । चामल, दाल, तोरीको तेल, नुन, सोयाबिन, कम्बल र म्याट गरी एक ट्रक सामान जाजरकोट पठाइएको उपमहानगर पालिकाका प्रमुख खेलराज पाण्डेयले जानकारी दिए । भूकम्पपीडितका लागि उपमहानगरपालिकाले २५ लाख रुपैयाँ, जनप्रतिनिधिले थप पाँच लाख रुपैयाँ र कर्मचारीको तर्फबाट समेत सहयोग गर्ने निर्णय भएको प्रमुख पाण्डेले बताए । यस्तै तिलोत्तमा नगरपालिकाले १० लाख रुपैयाँसहित स्वास्थ्यकर्मी र आवश्यक सामग्री त्यसतर्फ पठाएको छ । नगरप्रमुख रामुण्ण खाँणले भूकम्पले नराम्ररी क्षति पुर्‍याएका दुई जिल्लाका लागि पालिकाको विपद् कोषबाट जाजरकोट र रुकुम पश्चिमलाई पाँच÷पाँच लाख रुपैयाँ सहयोग गरेको बताए । यस्तै रुपन्देही क्षेत्र नं ५ का प्रतिनिधिसभा सदस्य बासुदेव घिमिरे र गैह्रवा गाउँपालिका अध्यक्ष सुरेन्द्र पौडेल भूकम्पपीडितका लागि राहत लिएर जाजरकोट पुगेका छन् । दुवैजना चामल, चिउरा, खानेतेल, चाउचाउ, सोयाबिन, दालमोठलगायत खाद्य सामग्रीसहित जाजरकोट पुगेका हुन् । यसैगरी सियारी गाउँपालिकाले भूकम्पपीडितका लागि खाद्यान्न तथा लत्ताकपडा सहितको राहत सामग्री पठाएको छ । यस्तै विभिन्न सङ्घसंस्थाको सहयोगमा सिद्धार्थनगर नगरपालिकाले सङ्कलन गरेको राहत सामग्री जाजरकोट पठाइएको छ । रोहिणी गाउँपालिकाले भूकम्प प्रभावित क्षेत्रमा चार लाख रुपैयाँ बराबरको राहत सामग्री पठाउने निर्णय गरेको गाउँपालिकाको वातावरण तथा विपद् व्यवस्थापन समितिका प्रमुख कल्पना खनालले बताइन् ।

# बाँके र बर्दियाबाट १० लाखको राहत

**राँझा ।** जाजरकोट र रुकुम पश्चिमका भूकम्पपीडितलाई नेकपा (एमाले) बाँके र बर्दियाको तर्फबाट करिब १० लाख रुपैयाँ बराबरको राहत सामग्री प्रदान गरिएको छ । भूकम्पपीडितलाई तत्काल आवश्यक पर्ने खाद्यान्न, लत्ताकपडा र कम्बलको व्यवस्था गरी प्रभावित क्षेत्रमा पुगेर जिल्ला प्रशासन कार्यालयमार्फत प्रदान गरिएको एमाले बाँकेका अध्यक्ष किस्मतकुमार कक्षपतिले जानकारी दिए । उनका अनुसार एमाले बाँकेको तर्फबाट जाजरकोटका भूकम्पपीडितका लागि ९८ बोरा चामल, तीन सय ५० थान कम्बल, लत्ताकपडा, चिउरा, भुजा र चाउचाउ गरी पाँच लाख ७५ हजार रुपैयाँ बढीको राहत सामग्री प्रदान गरिएको छ । एमाले बर्दियाको तर्फबाट रुकुम पश्चिमका भूकम्पपीडितलाई चार लाख ७५ हजार रुपैयाँ बराबरको एक सय क्विन्टल चामल प्रदान गरिएको छ । भूकम्प प्रभावित क्षेत्रमा पुगेकी एमाले केन्द्रीय सचिव एवं लुम्बिनी प्रदेश इन्चार्ज पद्मा अर्यालले तत्कालीन राहतस्वरुप खाद्य सामग्री र लत्ताकपडा तथा कम्बल उपलब्ध गराइएको बताइन् । अर्यालको नेतृत्वमा बर्दियामा रहेका केन्द्रीय सदस्य, सांसद र पार्टी नेता राहत लिएर सोमबार जाजरकोट पुगेका हुन् ।

# १९ वर्षीया जमुना, जसले भूकम्पका कारण श्रीमान् र गर्भको शिशु गुमाइन्

**रुपनी जिएम**
**बाँके ।** जमुना बुढामगर भर्खर १९ वर्षकी भइन् । केही दिनअघि गएको भूकम्पका कारण उनले श्रीमान् र पेटमा हुर्कँदै गरेको आठमहिने शिशुलाई गुमाइन् । श्रीमान् र शिशुको वियोगमा जमुना एकसुरमा अस्पतालको भित्ता कोट्याइरहन्छिन् । भूकम्पबाट घाइते उनी हाल नेपालगञ्जस्थित भेरी अस्पतालमा उपचाररत छिन् । जाजरकोटको नलगाढ नगरपालिका–६ भारगाउँकी जमुनाकोे गत शुक्रबार राति गएको भूकम्पले संसार नै अँध्यारो बनाइदिएको छ । भूकम्पपीडितको व्यथा एउटै एउटै जस्तो देखिन्छ । तर जमुनालाई भने आफ्नो व्यथा अरुको भन्दा धेरै गहिरो लागेको छ । उनले आफ्नो जीवनसाथी र गर्भमा हुर्किँदै गरेको शिशुलाई गुमाएको चार दिन बितेको छ । बितेका चार दिनमा जमुनाको होस पूर्णरुपले फर्केको छैन । श्रीमान् र गर्भमा रहेको शिशुलाई गुमाउँदाको पीडाले उनी अस्पतालको शैयायमा छटपटिरहेकी छन् । जमुना



एकसुरमा कहिले राम्रैसित बोल्दै भने कतिबेला बोल्दै बोल्दिनन् । निकै कम बोल्नुहुन्छ । जतिबेला पनि पेट मुसार्दै गर्भमा बच्चालाई सुम्सुम्याउँछिन् । जमुनाको यो अवस्था देखेर रेखदेख गर्न आएकी आमा पवित्रा छोरीले थाहा नपाउने गरी बेलाबेलामा पछ्यौराले मुख छोपेर भक्कानिन्छिन् । 'छोरीलाई पेटको बच्चा नरहेको कुरा हामीले उ होसमा आएपछि सुनायौं । उसलाई थाहा छ । तर पनि उसले आमा मेरो नानीलाई त ठिकै छ नि भन्दै सोधिरहन्छे', आमा पवित्राले भनिन्, 'एक्लै–एक्लै आफैँसँग कुरा गर्छे । कहिले राम्रै बोल्छे, कहिले बोल्दै बोल्दिन ।' भूकम्पको पीडाले बेहोसी छोरीको होस फर्किए पनि सुरमा कुरा नगरेको देख्दा उनलाई छोरीको चिन्ताले सताइरहेको छ । शुक्रबार राति नै भूकम्पमा परी ज्वाइँ नवीन बुढाको घरले च्यापिएर मृत्यु भएको खबर सुनेपछि गर्भवती छोरीलाई उद्धार गर्न सानीभेरी गाउँपालिका–९ रुकुम पश्चिमबाट जमुनाकी आमा पवित्रा खड्का मगर र बुवा भागिराम जाजरकोट पुगेका थिए । घरमा पुग्दा जमुना बेहोस अवस्थामा रहेको बुवा भागिरामले सुनाए । 'हामीले त ज्वाइँसँगै छोरी पनि गुमायौं भन्ने सोचेका थियौं । उसको पेटको नानीलाई बचाउन नसकिए पनि छोरीलाई भने केही भएको रहेनछ', भेरी अस्पतालमा जमुनाको हेरचाहमा खटिएका उनले भने । जमुनालाई जाजरकोटबाट नेपाली सेनाको हेलिकोप्टरबाट चौरजहारीसम्म ल्याएको र त्यहाँबाट नेपालगन्जसम्म जहाजमा ल्याएर आइतबार भेरी अस्पतालमा भर्ना गरिएको थियो । पेटभित्र मरेको शिशुलाई निकालिएको छ । शिशुको अन्तिम संस्कार नेपालगन्जस्थित मसान.घाटमा नै गरिएको बुवा भागिरामले बताए । जमुनाको उद्धार गर्न जाजरकोट पुगेका भागीराम र उनकी पत्नीलाई आफ्नै घर भूकम्पले चर्किको खबर भारगाउँ पुगेपछि मात्र थाहा भयो । 'हामीले त ज्वाइँ रहनुभएन भन्ने सुन्यौं । गर्भवती छोरीको सास छ भन्ने थाहा पाउनासाथ हामी छोरी बचाउन जाजरकोट लाग्यौं । त्यहाँ पुग्दै गर्दा बाटैमा थाहा पायौं भूकम्पले हाम्रो पनि घर चर्किएछ ।' दुवैजना शुक्रबार राति नै जमुनाको घर गएका थिए । अस्पतालमा छोरीलाई निको बनाएर घर लैजान भनी हेरचाह गर्न श्रीमान्सँगै आएकी आमा पवित्रा भन्छिन्, 'जसको भाग्यमा जे भोग्न लेखिएको हुन्छ उसले त्यही भोग्नैपर्छ । हाम्रो छोरीको भाग्यमा यस्तै दुःख भोग्न लेखिएको थियो होला', उनले भने, 'अब छोरी चाँडै निको भइदिए हुन्थ्यो ।' आमा पवित्राको भनाइअनुसार जमुनाको अरु सबै स्वास्थ्य अवस्था ठीक भए पनि कहिलेकाहीँ पेट र टाउको दुखिरहन्छ । भूकम्प जाँदा जमुनासँगै श्रीमान्, सासु, नन्द र दुई आमाजुसँगै एउटै घरमा खाना खाएर सुतेका थिए । भूकम्पले जमुनाका श्रीमान् र गर्भको शिशुलाई लगे पनि बाँकी अरु परिवारका सदस्यलाई भने सामान्य चोट लागेको छ । जमुनाका देवर र ससुरा भने मजदुरी गर्न भारत गएका छन् । भेरी अस्पतालमा जाजरकोट भूकम्पका कारण घाइते ४४ जनाको उपचार भइरहेको बाँकेका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले बताए । उनका अनुसार भेरी अस्पतालमा भूकम्पमा परी घाइते भएका ४७ जनालाई ल्याइएको थियो । दुई जना निको भई घर फर्किएका छन् भने एक जनाको उपचार गर्ने अस्पताल ल्याउँदै गर्दा बाटैमा मृत्यु भएको थियो । प्रजिअ पोखरेलले उपचाररत बिरामीको स्वास्थ्य अवस्था खतरामुक्त रहेको जानकारी दिए ।

# भूकम्पपीडितलाई परामर्स सेवा



**रासस**
**नेपालगन्ज ।** भूकम्पबाट घाइते भएर उपचारका लागि भेरी अस्पताल नेपालगन्ज ल्याइएकाका लागि मनोसामाजिक परामर्स तथा उपचार सेवा थालिएको छ । आफन्त गुमाएका कारण उनीहरु शोकमा छन् । भूकम्पबाट घाइते, शारीरिक चोट र परिवारका सदस्य गुमाएकाहरु तथा कुरुवाका लागि मनोसामाजिक परामर्श र उपचारका लागि मानसिक रोग विशेषज्ञ तथा मनोसामाजिक परामर्श तालिमप्राप्त दुई चिकित्सक र एक नर्सको व्यवस्था गरिएको जिल्ला आपत्कालीन केन्द्र बाँकिका फोकल पर्सन तथा जनस्वास्थ्य अधिकृत नरेश श्रेष्ठले जानकारी दिए । डा लीला देवकोटा, डा प्रदीप रेग्मी, मनोसामाजिक परामर्शदाता कमलाकुमारी डाँगीलगायतले अस्पतालमा सेवा दिइरहेकी छन् । अस्पताल परिसरमा भूकम्प उपचार कक्षसमेत स्थापना गरिएको छ । बाहिरबाट प्राप्त सहयोगको व्यवस्थापनका लागि कक्ष स्थापना गरिएको हो । भेरी अस्पताल नेपालगन्जमा हाल ४६ भूकम्पपीडितको उपचार भइरहेको छ । उपचार गराइरहेकामध्ये दुई जना घर फर्किएका छन् । एक जनाको निधन भएको छ । हाल अस्पतालमा २० पुरुष र २६ महिलाको उपचार भइरहेको छ । अस्पतालमा जाजरकोट, रुकुम पश्चिम र सल्यानका भूकम्पपीडितको उपचार भइरहेको छ । जाजरकोटलाई केन्द्रबिन्दु बनाएर शुक्रबार राति गएको ६ दशमलव ४ म्याग्निच्युडको भूकम्पका कारण जाजरकोट र पश्चिम रुकुममा अत्यधिक जनधनको क्षति भएको छ ।

प्रदेश सानो होला तर यसको
अनेक पक्षबारे बहस गरिरहन पर्छ ।
-लियोनार्डो कोहेन

## सम्पादकीय

# प्रदेश सरकारको एक्सन र अल्टिमेटम

मधेश प्रदेश सरकारले लामो समयदेखि मागिरहेको विषय होः प्रदेश प्रहरीको अधिकार । बागमती प्रदेश सरकारले त यो विषयमा पहिला नै गुनासो गरेको थियो कि, बागमती प्रदेश मातहत रहेको काठमाडौँ, भक्तपुर, ललितपुरको प्रहरी प्रशासन पनि बागमती सरकारबाट खोसेर केन्द्र सरकारमा लग्यो । तर जसले यो गुनासो गर्थे, अहिले मुख्यमन्त्री र केन्द्र सरकारका प्रधानमन्त्री पनि एउटै पार्टीका हुँदा पनि यो काम फिर्ता हुन सकेन । पहिलो कार्यकालको प्रदेश सरकार हुदा पनि मधेश सरकारले प्रहरी समायोजन ऐन बनाएर काम अघि बढाउन खोजेको थियो । तर केन्द्रको सहमति नभएकाले यो काम रोकियो । अहिले पनि प्रहरीको अधिकारलाई लिएर केन्द्र सरकार र प्रदेश सरकारबीच दूरी बढेको छ । यद्यपि केन्द्र र प्रदेश सरकार गठबन्धनमै छ । यो गठबन्धनले नै सरकार चलाउनेदेखि ऐन कानुन निर्माणसँगै सरकार बनाउने काम पनि गर्नेछ । यति हुँदाहुँदै पनि प्रदेश सरकारले प्रहरी प्रशासनको अधिकार पाएको छैन । खासमा बागमती प्रदेश सरकार पनि प्रहरी र कर्मचारीविहीन छ । मधेश सरकारलाई प्रहरी चाहिएको छ । मधेशलाई दिँदा सात वटै सरकारलाई दिनु पर्ने भएकाले केन्द्र सरकार सजिलै प्रदेश सरकारलाई प्रहरी दिने अवस्थामा छैन ।

मधेश सरकारमा त कर्मचारी पनि जान मानेका छैनन् । एउटा कर्मचारीलाई दोहोरो तेहरो भूमिका छ । त्यही कर्मचारी बिदामा बस्दा झन समस्या छ । संघीयताको अधिकारसम्पन्न प्रदेश सरकार भनेको आफ्नै प्रहरी र कर्मचारी हो भन्ने प्रदेश सरकारको बुझाइ छ । तर भारतमा समेत केन्द्र सरकारले राजधानी नयाँ दिल्लीमै पनि आमआद्मी पार्टीको प्रदेश सरकारलाई प्रहरीको अधिकार दिएको छैन । प्रहरीको अधिकार सजिलै दिइनु पनि हुन्न भन्ने अभ्यास भारतको संघीयताले देखाएको छ । यसैको नजिर नेपाल सरकारमा पनि कायम देखिन्छ । प्रहरी प्रदेशमा हुँदा केन्द्र सरकार अधिकारविहीन हुन्छ कि भन्ने भय केन्द्र सरकारमा पनि छ । यस्तो अवस्थामा नेपालमा विगतका केपी शर्मा ओलीले र अहिले पुष्पकमल दाहाल प्रचण्डले पनि प्रदेश सरकारलाई सजिलै प्रहरीको अधिकार दिने अवस्था छैन । यसैले मधेश प्रदेश सरकारले केही दिनअघि प्रधानमन्त्री भेटेर यो अधिकार माग्दा आश्वासन पाएर चर्चा गरे पनि अधिकार नआएपछि अहिले शुक्रबार प्रधानमन्त्री भेटेर ज्ञापन पत्र दिने र १५ दिने अल्टिमेटम दिने भएको छ ।

मधेश सरकारको यो योजना ठीकै हो । यसैका लागि सोमबार सर्वदलीय बैठक पनि बस्यो । मधेश सरकारलाई प्रहरी अधिकार, कर्मचारी समायोजनालगायतका विधेयकहरुका विषयमा अधिकार दिलाउन सबै सबै राजनीतिक दल पनि एक भएका छन् । यो अवस्थामा केन्द्र सरकार मधेश सरकारको दबाबमा पर्नेछ । अरु प्रदेशले पनि यसलाई एजेन्डा बनाए भने पक्कै केन्द्र सरकार अरु दबाबमा पर्ने छ । आफैँले ल्याएको संघीयता समयमा व्यवस्थापन गर्न सकेन भने कति असहज हुन्छ भन्ने उदाहरण मधेश प्रदेश सरकारको अल्टिमेटमले पनि पुष्टि गरेको छ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# प्रदूषणप्रति नागरिकस्तरमा सचेतना आवश्यक



सञ्जय साह मित्र

अहिले भारतको राजधानी दिल्ली र प्रमुख पर्यटकीय सहर मुम्बई वायु प्रदूषणले आक्रान्त छन् । नेपालको राजधानी सहर काठमाडौँको वायु पनि बेला बेलामा अत्यन्तै कठोर प्रदूषित रहेको समाचार आउँछ । यी तिन उदाहरणहरुले हाम्रो लागि निकै ठुला सहरहरु मानिने र हाम्रो नजिकमा रहेका छन्, विस्तारै कष्टदायी हुन थालेको र यिनीहरुले भविष्यको लागि फरक किसिमले सोच्नु पर्ने अवस्था आइसकेको बताइरहेका छन् । हाम्रा अन्य सहर तथा बजारहरु पनि बेला बेलामा प्रदूषणको मारमा निकै पर्ने गरेको पाउँछौँ । चर्चामा नआए पनि स्थानीय उपभोक्ता र पर्यटक वा केही काम विशेषले पुग्नेहरुले भने सहरमा प्रदूषणले निकै गाह्रो बनाउने गरेका भोगाइहरु समेटेर राखेका छन् ।



हाम्रा बस्तीहरु कतिको सुरक्षित छन् ? हामीले लिइरहेको साँसको गुणस्तर के हो ? कुन महिना वा कुन मौसममा हाम्रो वरिपरिको वातावरण बढी प्रदूषित हुने गरेको छ ।
वातावरण प्रदूषित हुने मुख्य कारण के हो ? यिनीहरुबारे हामी त्यत्ति सचेत छैनौँ । भारतीय सहर दिल्लीमा त वातावरण प्रदूषणको बारेमा जानकारी दिने एपको निर्माण भएको छ । सर्वसाधारणले पनि उक्त एपमार्फत आफ्नो टोलमा कसरी वातावरणीय प्रदूषण भइरहेको छ भन्ने कुराको जानकारी गराउन सक्छ । सरकारले तुरुन्त एक्सन लिने गरेको बताइएको छ । साथै सहरभरि सबारी साधनको प्रदूषण जाँच भइरहन्छ । वातावरणीय प्रदूषण नहोस् भने अन्य सचेतनाहरु प्नि अपनाइएका छन् तर पनि कहिलेकाहीँ वायु अत्यन्त खतरनाक स्थितिमा पुग्दछ ।

नेपालीमा एउटा उखान प्रचलनमा छ – रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्न नदिनु राम्रो । नेपालको राजधानी काठमाडौँको वायु कहिलेकाहीँ किन अत्यन्तै प्रदूषित हुन्छ ? वायु प्रदूषण हुने कारणहरु के के हुन भन्ने बारे अत्यधिक प्रदूषित भइसकेको समाचारहरु आउन थालेपछि सक्रिय हुने संयन्त्र रहेको छ हाम्रो । दिल्ली र मुम्बईको वायु अत्यन्त प्रदूषित भइसकेपछि पूर्वसचेतना र प्रदूषणलाई कम गर्ने उपायहरु मिडियामा खूब चर्चामा आउँछन् । काठमाडौँको सबालमा पनि यही हुने गरेको छ तर अब विस्तारै देशको अन्य भागमा पनि यस प्रकारको समस्या नआओस् भनेर सचेत बनाउने नीतिको आवश्यकता रहेको छ । यस किसिमले हरेक मानिस सचेत हुनुपर्ने अवस्था आइसकेको छ ।

आजभोलि धेरै मानिस खल्तीमा मास्क लिएर हिँड्ने गरेका छन् । जहाँ वायु प्रदूषण देख्यो वा भोग्यो कि तुरुन्त नाक छोपिहाल्छन् । यस कुरोलाई अन्य मानिसले पनि अनौठो मान्ने गरेको पाइँदैन । बरु कसैले तुरुन्त यस्तो गरेका छन् भने अन्यले पनि थोरै सचेतना अपनाएको जस्तो अवश्य गर्दछन् । यो व्यक्तिको तहमा देखिएको सचेतनाको भ्रुणमात्र हो र यसले विस्तार पाउनु पनि स्वाभाविक हो । कालान्तरमा यस क्रमले निकै विस्तार पाउने पनि हो तर यस किसिमको अवस्था नै नआओस् भनेर हामी अत्यन्त सचेत हुनु जरुरी छ । सचेतले त यस प्रकारको अन्य वैकल्पिक उपाय अपनाउँछन् तर जो सक्षम छैन, तिनलाई पनि त यहाँ बाँच्नु छ ।

मोफसलमा बस्नेहरु राजधानीको जस्तो सचेत हुन निकै मुस्किल छ । सचेत मात्र नभएर राजधानीमा विभिन्न सुविधाहरु उपलब्ध हुन्छन् । विभिन्न तहका सरकारको ध्यान पनि गएको हुन्छ । मिडियाहरु पनि बढी केन्द्रित हुने गरेका छन् । चिकित्सक वा वातावरणविज्ञहरु पनि राजधानी वा ठुला सहर केन्द्रित नै हुन्छन् । अत्यधिक प्रदूषण हुनासाथ सक्रिय हुने संयन्त्र पनि त्यहीँ हुन्छन् तर यी र यस्ता सुविधा वा सचेतनाका साधनहरु मोफसलमा प्रायः हुँदैनन् । यस कारण मोफसलमा बस्नेहरुले पनि वायु प्रदूषणसम्बन्धी सचेतना ठुला सहरका वासिन्दाभन्दा बढी आवश्यक छ भन्ने कुरो बुझ्नै परेको छ । समयमा बुझेमा आफू सचेत हुन सक्छन् र समाजलाई पनि सचेत बनाउन भूमिका खेल्न सक्छन् ।

वायु प्रदूषणका कारण अनेक किसिमका रोगहरु लाग्ने बताइएको छ । सबैभन्दा बढी स्वास प्रस्वास सम्बन्धी रोगहरु लाग्ने गर्दछन् । कतिपय रोगहरु दीर्घकालीन हुन्छन् । वायु प्रदूषणले विभिन्न किसिमका क्यान्सर रोगहरु लाग्ने पनि बताइएको छ । वायु प्रदूषणले एघार प्रकारका क्यान्सरहरु लाग्ने भारतीय सञ्चार माध्यमहरुले अहिले विश्लेषण गरिरहेका छन् । गत अठार वर्षमा दिल्लीमा क्यान्सर रोगीको संख्या साढे तिन गुनाले बढेको पाइएको छ । सबै क्यान्सरको कारण चाहिँ वायु प्रदूषण नै होइन तर वायु प्रदूषण अत्यन्त खतरनाक अवस्थामा पुगेपछि यससित सम्बन्धित रोग वा परिणामबारे पनि समाचारहरु आइरहन्छन् । उसो त दिल्लीमा सबै प्राथमिक विद्यालयहरु वायु प्रदूषणकै कारण केही दिनका लागि बन्द गरिएका छन् र सबारी साधनको संचालनमा कडाइ गरिएको छ । र, हरेक वर्ष वायु प्रदूषणले विकराल रुप लिँदा दिल्लीले रक्षात्मक उपायहरु अपनाउने गरेको छ ।

वायु प्रदूषणका धेरै कारणहरु रहेका छन् । कुनै एक कारणले मात्र वायु प्रदूषण हुने होइन । वायु प्रदूषण स्थान विशेषको आधारमा कारणहरु फरक हुन सक्ने देखिएको छ । यद्यपि धेरै हदसम्म कारणहरुमा समानता रहेका छन् । अव्यवस्थित घना बसोबास, सहरमा पर्याप्त खुल्ला ठाउँको अभाव, समय समयमा वर्षा नहुनु, सहरको भित्री भागसम्म प्राकृतिक रुपमा बहने हावा निरन्तर नपुग्नु वा हावाको निरन्तर आवागमन नहुनु, पर्याप्त मात्रामा रुख वा वनस्पतिको अभाव हुनुलाई वायु प्रदूषणको कारक मानिएका छन् । यसै गरी सबारी साधनले उत्सर्जन गर्ने धुवाँ, सबारी साधन गुड्दा सडकमा उड्ने धुलो, उद्योग तथा कलकारखानाबाट निस्कने धुवाँ, विभिन्न अनावश्यक ठानिएका वस्तुहरुमा आगो लगाउँदा निस्कने धुवाँ, हावामा विभिन्न किसिमका ग्याँसहरु मिसिनु, सहरभन्दा केही बाहिरको ठाउँमा पनि परालजस्ता कृषिजन्य पदार्थमा आगो लगाउनु, वन क्षेत्रमा डढेलो, आगलागी, चाडपर्व तथा कतिपय सामाजिक वा पारिवारिक उत्सवमा पड्काइने पडाका तथा अन्य यस्ता विभिन्न कारणबाट निस्कने धुलो र धुवाँले वायुमा प्रदूषणको मात्रा बढ्ने गरेको सामान्य रुपमा धेरैले बुझेकै छन् । यदि हरेकको घरबाट भान्सा, गोठ तथा घुरबाट पनि धुलो र धुवाँ निस्कन्छ भने त्यसले पनि वातावरणमा नकारात्मक असर पारिरहेको हुन्छ भन्ने कुरो यथार्थ हो ।

वायु प्रदूषण जुन वा जे कारणले हुन्छ त्यही वा तिनै कारणहरुमा विशेष ध्यान दिने हो भने वायु प्रदूषण कमजोर हुन्छ । यदि सबै कारणलाई निवारण गर्न सकियो भने वायु प्रदूषण नै हुँदैन तर यो असम्भव छ । आजको दिनमा वायु प्रदूषणलाई पूर्ण रुपमा नियन्त्रण गर्न असम्भव भए पनि मानिसलाई सहर बजारमा सहज रुपमा बस्न र दैनिकी चलाउन सक्ने बनाउनु पनि अनिवार्यता हो । सहर र बजारका मानिसलाई पनि एकातिर स्वस्थ्य वायु र पर्यावरणमा बाँच्न पाउने अधिकार छ भने अर्कोतिर सबैलाई स्वस्थ वायु उपलब्ध गराउन वा वायु प्रदूषणमा आफ्नो योगदान दिन नपाउने वा वायु प्रदूषणलाई रोक्नु पर्ने कर्तव्य पनि रहेको छ । हामीले अधिकारमात्र खोज्ने र कर्तव्य बिर्सने हो भने वायु प्रदूषणमा नियन्त्रण गर्न सक्दैनौँ ।

यदि हाम्रो समाज अर्थात् ठुला सहर, बजार र ग्रामीण क्षेत्रको अवस्थालाई पनि विचार गर्ने हो भने स्थानीय र बाह्य दुवै कारणले वायु प्रदूषण बढिरहेको पाइन्छ । वायु प्रदूषण बढेको वा भएको धेरैले बुझ्ने बताउने वा अभिव्यक्त गर्ने गरेका छन् । वायु प्रदूषणबाट समाजलाई वर्तमानमा पनि बचाउनु परेको छ भने भविष्यलाई पनि जोगाउनु परेको छ । भविष्यलाई अझ बढी जिम्मेवार किसिमले गम्भीरतापूर्वक लिने हो भने हामीले वायु प्रदूषणको हरेक स्रोतलाई पहिचान गर्नुपरेको छ । स्थानीय रुपमा कसरी वायु प्रदूषण बढिरहेको छ र त्यसलाई नियन्त्रण गर्न सकिन्छ भन्ने कुरालाई मुख्य रुपमा स्थानीयलाई नै जानकारी हुन्छ । यद्यपि कुन ठाउँमा कत्तिको मात्रामा वायु प्रदूषण छ, कुन वायुलाई कसरी र किन खतरनाक मान्ने भन्ने कुरो स्थानीयलाई जानकारी नहुन सक्छ । यसैले स्थानीय सचेत नहुन पनि सक्छन् । यसकारण वायुको नापजाँच र वायुको गुणस्तरको विषयमा हरेक स्थानीय तहले स्थानीय नागरिकलाई जानकारी दिने संयन्त्रको विकास गर्नु परेको छ । गर्मीको महिनामा के देखिन्छ भने धेरै छारो उड्न थालेपछि कपितय ठाउँमा केही निकायले सडकमा पानीको फोहोरा दिने गर्दछन् । अहिले वायु प्रदूषण उच्च हुँदा भारतको दिल्लीमा पनि पानीको मसिनो फोहोरा दिने गरिएको देखिएको छ । पानीको फोहोरा नै वायु प्रदूषण नियन्त्रण गर्ने उपाय भने होइन तर के भने जमिनको तल्लो सतहमा रहेको वायुमा रहेको प्रदूषणलाई केही हदसम्म कम गर्न भने सहयोग पुग्छ । यसै गरी कुनै निश्चित टोल वा सोसाइटीका बासिन्दाहरुले एकसाथ विचार गरेर आफ्नो घरको बार्दलीबाट पानीको फोहोरा छाडेमा पनि केही मात्रामा वायु प्रदूषण कम भएको अनुभव गरिएको छ तर व्यक्ति वा परिवारबाट पानीको फोहोरा दिन भने हरेक अवस्थामा सम्भव हुँदैन । सहर बजारमा खानीपानी नै किन्नुपर्ने वा पानीको हरेक थोपा किनेको हुनाले यसरी हरेक घरबाट पानीको फोहोरा दिन त्यत्ति सम्भव हुने देखिँदैन । पानीको फोहोराको लागि सम्बन्धित पालिका वा स्थानीय सरकार तथा सरकार र तिनका निकायहरुले मात्र सम्भव हुने देखिन्छ ।

वायु प्रदूषण वा वायुको स्थानीय गुणस्तरको नापजाँचको संयन्त्रको विकास नभएसम्म कतिपय अवस्थामा वायुको गुणस्तरबारे खासै जानकारी नै नआउन सक्छ । यस अवस्थामा वायु प्रदूषण भइरहेको, वायु प्रदूषणले हानि गरिरहेको तथा वायु प्रदूषणको बारेमा अझ बढी गम्भीर हुनुपर्ने आदि जस्ता विषयमा सतर्क हुन पाउने अवसर नै हुँदैन । अझ कसरी बढ्न नदिने, वायु प्रदूषण किन हानिकारक छ र कसरी अब हाम्रो समाजमा वायु प्रदूषण खराब स्तरमा पुग्दैछ भन्ने कुराको यथार्थ जानकारी दिनाले सर्वसाधारणमा आफूले फोक्सोमा हुल्ने प्राणवायुप्रति सचेतनामा वृद्धि हुन पाउँछ । अझ सकिन्छ भने वायु प्रदूषणबारे आएका इन्डिकेटरहरुलाई सार्वजनिक ठाउँमा स्वचालित प्रदर्शन गर्ने संयन्त्रको विकास गर्नु राम्रो हुन्छ । हरेक नागरिकको एकातिर सूचनाको हक छ भने अर्कोतिर बाँच्न पाउने अधिकार छ । यदि सही सूचना नागरिकलाई उपलब्ध हुन्छ भने धेरै हदसम्म उसलाई सतर्क र सचेत रहन पनि प्रेरित गरिरहेको हुन्छ । सूचनाको अभावमा मानिस वास्तवमा अँध्यारोमा हुन्छ । अँध्यारोमा बस्नेले केही पनि थाहा पाउँदैनन् भन्ने नै हो र अहिलेको अवस्थामा यस विषयतिर स्थानीय सरकारको ध्यान नै जान सकेको छैन । यसले बुद्धिजीवीहरुलाई के दायित्वबोध गराएको हुनुपर्छ भने स्थानीय वायुको स्तरको बारेमा सचेतना जगाउनु आवश्यक छ र यदि पहुँच पुग्छ भने स्थानीय सरकारलाई यस कामका लागि उत्प्रेरित गर्नुपर्छ ।

र, आजको युग सचेतनाको युग हो । सम्भव भएसम्म हरेक नागरिक हरेक कुरामा आफू नै सचेत हुनु पर्छ । आफू सचेत हुने भने धेरै हदसम्म वायु प्रदूषण र यसको प्रभावबाट जोगिन सक्ने हुन्छ । वायु प्रदूषणको असर कतै धेरै देखिएको छ भने सम्भव भएसम्म सरकार र सम्बन्धित निकायलाई समयमै जानकारी गराउनु पर्छ । आफ्नो सक्रियता जति धेरै हुन्छ, आफ्नो गाउँ र समाजलाई त्यत्ति धेरै वायु प्रदूषणबाट जोगाउन सकिन्छ । फेरि पनि मुख्य कुरो सचेतना नै हो र यस काममा सबै किसिमका सरकार, बौद्धिक समाज तथा मिडियाहरुले पनि महत्वपूर्ण भूमिका खेल्न सक्छन् तथा नैतिक दायित्व मानेर खेल्नु पर्छ पनि ।

## नेपाल रेल्वे समय तालिका

| जनकपुर-जयनगर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जनकपुर | जयनगर |
| पहिलो | ८:३५ बजे | १०:०० बजे |
| दोस्रो | ११:३० बजे | १२:५५ बजे |
| तेस्रो | १६:३० बजे | १७:५५ बजे |

| जयनगर-जनकपुर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जयनगर | जनकपुर |
| पहिलो | ०८:३० बजे | ०९:५५ बजे |
| दोस्रो | १५:०० बजे | १६:२५ बजे |
| तेस्रो | १८:०० बजे | १९:१२ बजे |

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| | ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो)ः | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो)ः | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
मान तथा पद पाइएला, धार्मिक तथा सामाजिक कार्यहरु सम्पन्न होलान ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
धनधान्यको वृद्धि होला, मित्र तथा शुभचिन्तकको सहयोगले काम कार्यमा सफलता होला ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
छोराछोरीको प्रगतिबाट प्रसंशा मिल्ला, मान्यजनको सहयोग सद्भाव पाउनाले आत्मबल निकै बढ्नेछ,।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
स्वास्थ्यमा सुधार आउनेछ, वैबाहिक तथा भोजमा सहभागी भइएला ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
कृषि कार्य तथा ब्यबसायबाट निकै लाभ होला, समग्रमा आजको दिन राम्रै मान्नपर्छ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
काम कार्यमा ढिलाई होला, मानसिक अशान्ति तथा फजुल खर्च होला ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
इस्टमित्रबाट धोका पाइनेछ, अध्ययन अध्यापनमा पनि बाधा आइपर्ला।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
माता तथा मावलितर्फबाट बिशेष सहयोग पाइनेछ, काम कार्यमा सफलता तथा सुख प्राप्त हुनेछ ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
राज्यसम्बन्धी काममा भने केहि प्रतिकुल हुनसक्छ । सामाजिक तथा परोपकार सम्बन्धी कार्यहरु गरिएला।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आजको दिन अध्ययन अध्यापन तथा धार्मिक कार्यहरु सफल होलान ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
शत्रुहरु गुप्तरुपले सक्रिय रहलान, बिनाकारण अपजस पाइएला । व्यापार ब्यबसायमा नोक्सान होला।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आजको दिन पत्नी आज्ञाकारी हुनेछिन, दैनिक जीवनका कार्यहरु सुधार हुदै जालान ।

# राष्ट्रिय हितमा सबै शक्तिको साझा धारणा आउनुपर्छः सांसद



**काठमाडौँ ।**
नेपाली कांग्रेसकी नेत्री सपना राजभण्डारी राष्ट्रियता र राष्ट्रिय हितका विषयमा देशका सबै राजनीतिक शक्तिको साझा धारणा आउनुपर्ने बताउँछिन् । जनता र देशका हितका सवालमा सबै शक्ति एकै ठाउँमा उभिनुपर्नेमा जोड दिँदै उनले एक पक्षले उठाएका विषयलाई अर्कोले खण्डन गर्दै जुहारी खेल्ने काम भइरहेकामा त्यसमा सुधारको खाँचो औँल्याइन् । सांसद राजभण्डारी भन्छिन्, 'मुलुकको हित हुने विषयमा सरकार, प्रमुख प्रतिपक्षलगायत पक्ष एक ठाउँमा उभिनुपर्छ, अहिले त्यस्ता विषयमा समेत सदनमा दलहरूबीच जुहारी खेलेजस्तो अनुभव भइरहेको छ ।' नेत्री राजभण्डारीले नेतृत्वले देश, समाज र जनतालाई ठिक बाटाबाट डोर्याउन पार्टीको आन्तरिक जीवनमा प्रशिक्षण दिनुपर्नेमा जोड दिइन् । 'सांसदसँग रासस संवाद'मा प्रतिनिधिसभामा समानुपातिक प्रणालीबाट निर्वाचित सांसद उनले विभिन्न विधि र प्रक्रिया रहेका कारण राजनीतिकरूपमा बाहिरबाट कल्पना गरिएजस्तो आफूले सदनमा महसुस गर्न नपाएको उल्लेख गर्दै कानुन निर्माणका हिसाबले जति काम गर्नुपथ्र्यो, त्यो अनुभव गर्न पाइएन भनिन् । पछिल्लो निर्वाचन परिणामले प्रमुख राजनीति दलप्रति जनतामा केही वितृष्णा आएको पक्षलाई नकार्न नमिल्ने बताउँदै सांसद राजभण्डारीले आस्थाका आधारमा नभई जनताकेन्द्रित कार्यक्रम ल्याएर तिनमा उत्साह भर्न सकिने धारणा राखिन् ।

उनको कार्यक्षेत्र विश्वसम्पदा सूचीमा सूचीकृत काठमाडौँ उपत्यकाको नेवारी समुदायको सांस्कृतिक सम्पदा, जात्रा, डबली र मठमन्दिर भएको क्षेत्र छ । नेपाल विद्यार्थी सङ्घबाट राजनीति यात्रा प्रारम्भ गरेकी सांसद राजभण्डारीले काठमाडौँ जिल्लामा पार्टी सङ्गठन विस्तारमा सक्रियपूर्वक योगदान पुर्याउँदै आएकी छन् । सहरी र सानो निर्वाचन क्षेत्र भएकाले खानेपानीबाहेक विकास निर्माणका हिसाबले मतदाताको खासै गुनासो नआएको सांसद राजभण्डारी बताउँछिन् । निर्वाचन क्षेत्र नं ८ का मतदाता संस्कृति संरक्षणसम्बन्धी विषय धेरै उठाउँछिन् । विश्वसम्पदा सूचीमा सूचीकृत हनुमानढोका, स्वयम्भूसहित यहाँ नेवारी संस्कृति धेरै छ । इन्द्रजात्रा र अरू जात्रा तथा गुठीका संरक्षणको विषय प्रखररूपमा उठ्ने गरेको छ । पुरातात्त्विक महत्त्व बोकेको क्षेत्र भएकाले यसको संरक्षण र संवद्र्धन गर्नु राज्यको दायित्व भएको विचार प्रकट गर्दै सांसद राजभण्डारीले ती संरचना र संस्कृतिलाई जोगाउन तथा व्यवस्थित गर्न सकिएमा संसारकै आकर्षक गन्तव्यका रूपमा स्थापित गर्न सकिने प्रशस्तै सम्भावना बोकेको छ भनिन् । सदनमा शून्य, विशेष र आकस्मिक समयमा विभिन्न महत्वका जल्दाबल्दा विषय उठाइए पनि सम्बोधन भने नभएको गुनासो गर्दै नेत्री राजभण्डारीले असल जनप्रतिनिधि बन्न कानुन निर्माणको जिम्मेवारी पूरा गर्दै जनताका समस्या बुझ्ने र सम्बोधनमा लाग्नुपर्नेमा जोड दिइन् । सांसद राजभण्डारीले सदनमा हुने बहसको प्रत्यक्ष प्रसारणको व्यवस्था भई जनताले नजिकबाट नियालिरहेकाले अभिव्यक्ति र प्रस्तुतीकरणमा देखिने अशोभनीय विषयलाई तत्काल सुधार गर्न तत्तत् राजनीतिक दलका नेतृत्वले सांसदलाई सुझाव र प्रशिक्षण दिनुपर्ने खाँचो औँल्याइन् । कांग्रेस नेता नवीन्द्रराज जोशीकी धर्मपत्नीले महिला भएकै कारण सदनमा अवसर प्राप्त गर्ने सन्दर्भमा असहजता भोग्नु नपरे पनि बोल्न समय दिँदा कहिलेकाहीँ आफ्नो नाम पछि परेको हो कि भन्ने अनुभूति सुनाइन् । एक प्रसङ्गमा उनले भनिन्, 'अहिले निर्वाचन प्रणाली खर्चिलो छ, निष्ठाको राजनीतिक ओझेलमा परेको पनि सुनिएको छ, आचारसंहिता पालना राम्रोसँग हुन सकेन । राम्रो अभ्यासलाई होइन, नराम्रा विषयलाई अनुसरण गरिँदा यो अवस्था आएको हो ।' विधेयक ल्याउने विषयमा सांसदलाई पूर्वजानकारी दिने तथा त्यसबारे छलफल गर्ने र बुझाउने विषय संसदीय दलमा खासै नहुने गरेको उनले बताइन् । उनले भ्रष्टाचारका कारण जनतालाई छिटोछरितो र सुलभरूपमा सेवा प्राप्त गर्न चुनौती खडा भइरहेको अनुभव पनि सुनाइन् । उनले भनिन्, 'भ्रष्टाचार, अनियमितता र महँगीविरुद्ध जनताले निरन्तर खबरदारी गर्नुपर्ने देखिएको छ । अन्यायविरुद्ध आवाज नउठाएसम्म गलत कार्य रोकिँदैन । सांसदले पनि सदनमा आफ्नो आवाज मुखरित गर्नुपर्छ ।' अहिले विदेश पलायनको स्थिति हेर्दा केही वर्षमै युवा, विद्यार्थी मुलुकमा रहलान् र भन्ने प्रश्न उब्जिरहेको उल्लेख गर्दै सांसद राजभण्डारीले मुलुकको ठूलो जनशक्ति युवालाई पढाइ सकिनेबित्तिकै रोजगारीको सुनिश्चिता दिलाउन विभिन्न राष्ट्रिय कार्यक्रम ल्याउन आवश्यक रहेको बताइन् । उनले भनिन्, 'विद्यार्थीलाई स्वदेशमै गुणस्तरीय शिक्षा दिने, बन्द रहेका उद्योग पुनः सञ्चालन गर्ने, थप रोजगारीका क्षेत्र विस्तारलाई प्राथमिकता दिने गर्नुपर्छ, यसले तिनमा देशभक्ति बढाउँछ र रोजगारी पनि दिलाउँछ ।'

# नेपाल विश्वकै ठूलो सुरक्षाप्रदायक राष्ट्रः सुरक्षाविद् थापा




**रासस**
**काठमाडौँ ।**
सुरक्षाविद् चिरनजङ्ग थापाले नेपाल विश्वकै एक ठूलो सुरक्षा प्रदायक देश रहेको बताएका छन् । उनले विश्वका ठूला आणविक हतियार सम्पन्नसहित अधिकांश मुलुकका लागि नै नेपाल एक ठूलो सुरक्षा प्रदायक देशका रुपमा भूमिका निर्वाह गरिरहेको बताएका हुन् । भारतको राजधानी नयाँ दिल्लीमा हालै आयोजित सुरक्षासम्बन्धी अन्तर्राष्ट्रिय कार्यक्रम 'चाणक्य डायलग' मा मुख्यवक्ता (कि नोट स्पिकर) का रुपमा सहभागी थापाले विश्वका प्रमुख पाँच आणविक हतियारसम्पन्न मुलुकमा सुरक्षाका क्षेत्रमा विशेष योगदान दिइरहेको दाबी गरे । 'भारत, बेलायत, फ्रान्स, अमेरिका, रसियालगायत विभिन्न मुलुकमा नेपाली सेनालगायत विभिन्न सुरक्षा अङ्ग तथा संयन्त्रमा सेवारत छन्', उनले भनिन्, 'त्यसका साथै विश्वका ६८ भन्दा बढी मुलुकमा सुरक्षागार्डका रुपमा काम गर्ने सङ्ख्या हेर्दा नेपाल विश्वका अधिकांश मुलुकका लागि सुरक्षा प्रदायक मुलुकका रुपमा काम गरिरहेको छ ।' उनले नेपाल संयुक्त राष्ट्रसङ्घमार्फत शान्ति सेनाका रुपमा विश्वका विभिन्न देशमा काम गरिरहेकामध्ये दोस्रो ठूलो मुलुक भएको समेत उल्लेख गरे । भारतले हालै जी–२० सम्मेलन सफलतापूर्वक सम्पन्न गरेकामा बधाई दिँदै थापाले सम्मेलनमा छिमेकी मुलुक बङ्गलादेशलाई निमन्त्रणा गर्दा नेपाललाई नगरेकामा पनि प्रश्न गरेका थिए । थापाले भारतले हालै चन्द्रमामा सफलतापूर्वक 'चन्द्रयान' अवतरण गराएको खुसी नेपालीले पनि मनाएको उल्लेख गर्नुहुँदै भारत सदियौँदेखि विश्वको केन्द्र रहेको बताए । थापाले शक्ति कहिल्यै पनि स्थायी नहुने भन्दै आजका दिनमा शक्तिशाली मुलुक भोलि अर्थात् सधैँ शक्तिसम्पन्न भएर रहन नसक्ने दलिल पनि पेस गरे । उनले शक्तिको परिभाषा दिँदै कुनै पनि व्यक्ति, समाज या देश शक्तिशाली ठहरिने आधारहरु समय समयमा परिवर्तनशील भइरहने उदाहरण पनि प्रस्तुत गरे । उनले नेपाल विश्वको सबैभन्दा पुरानो मानवसभ्यता भएको मुलुक हो भन्दै अनुसन्धान गरे यसका प्रशस्त दृष्टान्त भेटिने दाबी गरे । प्रसिद्ध ग्रन्थ महाभारत तनहुँमा लेखिएको तथ्य पेस गर्दै रामायण लेख्ने वाल्मीकि र अठार पुराणका व्याख्याता व्यासदेखि लिएर कैयन् ऋषिका आश्रम नै नेपालमा रहनु, राजा जनक र सीताको पौराणिकता एवं नेपालको कालीगण्डकी क्षेत्रमा मात्र पाइने शालग्रामको पुरातात्विक र धार्मिक महत्व यसका केही प्रमाणहरु हुन् भने । कार्यक्रममा सुरक्षाविद् थापाले भारतको अर्थतन्त्र र सुरक्षा दुवै क्षेत्रमा नेपालको ठूलो योगदान रहेको पनि उल्लेख गरे । भारतीय सेनामा गोर्खा रेजिमेन्टअन्तर्गत ४० हजार र अन्य सुरक्षा सेवामा ५० हजार नेपाली कार्यरत रहेको उल्लेख गर्दै थापाले प्रशासनिक सेवामा पनि ३० हजार नेपाली कार्यरत रहेको बताए । 'भारतमा सबैभन्दा बढी रेमिट्यान्स भित्रने मुलुकमा नेपाल सातौँ स्थानमा पर्छ', उनले भने, 'व्यापारका हकमा नेपाल भारतका लागि १०औँ ठूलो बजार भएकाले भारतको अर्थतन्त्र र सुरक्षा क्षेत्रमा नेपालको योगदान छ ।' उनले नेपालमा हजाम, सिकर्मी, डकर्मी, इँटाभट्टा, तरकारी र फलफूल बिक्रीलगायत क्षेत्रमा ठूलो सङ्ख्यामा भारतीय श्रमिक काम गरिरहेको उल्लेख गर्दै उनले भारतको अर्थतन्त्रमा नेपालको विशेष योगदान रहेको बताए । उनले नेपाल र भारतको सम्बन्ध ऐतिहासिक र महत्वपूर्ण रहेको भन्दै नीतिनिर्माण गर्दा आपसी सम्बन्ध र यसको महत्वलाई ध्यान दिन सुझाव दिए । उनले दुई देशबीचको आपसी सम्बन्ध सदियौँदेखि रही आएको भन्दै सम्बन्ध बलियो बनाउँदै जानुपर्नेमा जोड दिए । भारतीय उपराष्ट्रपति जगदीप धनखरले उद्घाटन गरेको कार्यक्रममा विश्वका विभिन्न देशका सैनिकका उच्च अधिकारीको सहभागिता थियो । कार्यक्रममा एसिया तथा अन्य देशका सुरक्षा, कूटनीतिक सम्बन्ध तथा सुरक्षासम्बन्धका विविध विषयमा कार्यपत्रहरु प्रस्तुत गरिएको थियो ।

# घरमै सुत्केरी हुने घटे



**रासस**
**बागलुङ ।**
राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गले जोडिनुपूर्व बागलुङको निसीखोला जिल्लाकै दुर्गम मानिन्थ्यो । स्वास्थ्य, शिक्षालगायतका विकासमा निकै पछाडि थियो । अशिक्षा र गरिबीका कारण यहाँका नागरिकले अनेकौँ समस्या भोग्दै आएका थिए । सानै उमेरमा विवाह गर्ने, विवाह गर्ने उमेरमा तीन–चारवटा बच्चा जन्माउने गर्थे । तर अहिले यो अवस्था निकै परिवर्तन भएको छ । नियमित गर्भ जाँचदेखि बच्चालाई खोपसमेत समयमै लगाउँदै आएका छन् । केही वर्ष अगाडिसम्म यहाँका महिलाले घरमै बच्चा जन्माउँथे । सरकारले 'शून्य होमडेलिभरी'को नीति ल्याए पनि निसीखोलामा कार्यान्वयन गर्न सकिएको थिएन । अहिले त्यो अवस्था छैन । यहाँका हरेक गर्भवतीलाई स्वास्थ्य संस्थामै बच्चा जन्माउनुपर्छ भन्ने छाप बसेको छ । त्यसले गर्दा उनीहरू स्वास्थ्य संस्थामै पुग्ने गर्छन् । कतिपय गर्भवती बच्चा जन्माउने समय आउनासाथ स्वास्थ्यचौकी र बर्थिङ सेन्टरमा पुग्छन् भने कतिपय सुत्केरी ब्यथा लाग्न थाल्यो भनेमात्रै स्वास्थ्य संस्था जाने सुरसार गर्छन् । जसका कारण पछिल्लो समय निसीखोलामा स्वास्थ्य संस्था नपुग्दै बीच बाटोमा सुत्केरी हुनेको सङ्ख्या बढ्दै गएको छ । घरभन्दा टाढा रहेको स्वास्थ्यचौकीमा उनीहरू समयमै पुग्न नसक्दा बाटोमै बच्चा जन्माउने गरेका छन् । यहाँका अधिकांश गाउँबाट स्वास्थ्य संस्था पुग्न आधा घण्टादेखि दुई घण्टासम्म समय लाग्छ । निसीखोला गाउँपालिकाको स्वास्थ्य शाखाका अनुसार घरमै सुत्केरी हुनेको सङ्ख्या शून्यजस्तै छ । बर्थिङ सेन्टर र स्वास्थ्यचौकी टाढा हुँदा बाटोमै सुत्केरी भएपछि महिलाले ठूलो सास्ती खेप्नुपरेको छ । बीच बाटोमै सुत्केरी हुँदा आमा र बच्चाको अवस्थाबारे स्वास्थ्यकर्मीले समयमै जानकारी लिन पाउँदैनन् । कतिले बाटोमा सुत्केरी भएपछि त्यहीँबाटै घर फर्काउँछन् भने कतिले स्वास्थ्य संस्थामा पुर्याएर स्वास्थ्यकर्मीको परामर्श लिएर मात्रै फर्काउँछन् । निसीखोलाको भू–भाग कैतै अग्ला डाँडा, कतै होचा खोँच त कतै समथर भू–भाग रहेको हुँदा गाउँदेखि अर्को गाउँसम्म पुग्न घण्टौँ लाग्छ । त्यसले गर्दा अस्पताल पुग्नै गाह्रो हुने गरेको छ । गाउँपालिकाका स्वास्थ्य शाखा संयोजक जुनी घर्तीमगरले विगतको तुलनामा 'होमडेलीभरी' हुनेको सङ्ख्या निकै कम भएको बताउँछिन् । करिब दुई वर्षयता कुनै पनि गर्भवती घरमा सुत्केरी भएको तथ्याङ्क नभएको भन्दै केही अस्पताल आउँदै गर्दा बाटोमै सुत्केरी हुने गरेको घर्तीमगर बताउँछिन् । पछिल्लो समय महिला शिक्षित र सचेत बन्न थालेपछि स्वास्थ्यका बारेमा बढी चासो दिनुका साथै नियमित जाँचका लागि स्वास्थ्य संस्थामा पुग्ने गरेको उनी बताउँछिन् । अघिल्लो वर्ष करिब ३० गर्भवती स्वास्थ्य संस्था जाने क्रममा बाटोमै सुत्केरी भएको संयोजक घर्तीको भनाइ छ । यस वर्ष पनि करिब १५ जना बाटोमै सुत्केरी भएको उनले बताइन् । 'घरमै सुत्केरी हुने एक प्रतिशतमात्रै होला, गत वर्षदेखि घरमा सुत्केरी भएको पाइएको छैन, तर बर्थिङ सेन्टर र स्वास्थ्यचौकी आउँदा बाटोमै सुत्केरी हुनेको सङ्ख्या भने बढेको छ, बस्ती टाढा–टाढा छन्', घर्तीले भनिन्, 'अहिले धेरै महिला दिदीबहिनी सचेत बन्दै जानुभएको छ, सबैलाई सुत्केरी हुन स्वास्थ्यचौकीमै जानुपर्छ भन्ने सोच छ, धेरैजसो समयमै बर्थिङ सेन्टर र स्वास्थ्यचौकीमा आएर बच्चा जन्माउने गर्नुभएको छ, कोहीचाहिँ ब्यथा लागेपछि मात्रै घरबाट हिँड्दा बाटोमा बच्चा जन्माउने गरेको पाइन्छ, गर्भ जाँच गर्न आउँदा नै उहाँहरूलाई समयमै आउनुपर्छ भनेका हुन्छौँ ।' निसीखोलाभर छवटा बर्थिङ सेन्टर छन् भने स्वास्थ्यचौकी चार, सामुदायिक स्वास्थ्य एकाइ दुई र आधारभूत स्वास्थ्य सेवा केन्द्र दुईवटा छन् । स्थानीय ६३ वर्षीया चन्द्रमला बुढामगरले आफूहरूको पालामा कोहीले पनि अस्पतालमा गएर बच्चा नजान्माएको भन्दै अचेल हरेक गर्भवती स्वास्थ्य संस्थामा पुग्ने गरेको बताइन् । आफूहरूको पालामा स्वास्थ्य संस्था धेरै टाढा हुँदा धेरै समस्या भोग्नुपरेको भन्दै अहिले सहज बन्दै गएको उनको भनाइ छ । बुढामगरले भनिन्, 'मैले सात छोराछोरी जन्माएँ, कोही घाँस काट्दा बारीको काल्नामा जन्मिए, कोही गोठालो गएको बेला जङ्गलमा, अहिले त अस्पतालमै जान्छन्, अस्पतालमा गएर सुत्केरी हुँदा बच्चा निरोगी हुँदा रैछन्, हाम्रो पालामा घरमा बच्चा जन्माउन नसकेपछि मात्रै डोकामा बोकेर अस्पताल लैजाने गरिन्थ्यो, नजिकमा अस्पताल थिएनन्, यहाँबाट बुर्तिबाङ पुग्न एक दिन लाग्थ्यो, अहिले त आधा घण्टामै पुग्न सकिन्छ ।' निसीखोलाको निसेलढोर, जाउलेपानी, छापाखानी, चैतेलगायत गाउँबाट स्वास्थ्यचौकी पुग्न घण्टौँ लाग्छ । मोटरबाटोले सबै गाउँ जोडिए पनि निरन्तर यातायातका साधान नचल्दा गर्भवती अस्पताल नपुग्दै बाटोमै सुत्केरी हुने गरेको स्थानीय बताउँछन् ।




# कोरोना भाइरसविरुद्धको ४० लाख मात्रा डोज खोप खेर जाँदै




**रासस**
**काठमाडौँ ।**
कोरोना भाइरसविरुद्ध ल्याइएको ४० लाख मात्रा खोप खेर जान थालेको छ । चीन सरकारले अनुदानमा उपलब्ध गराएको कोरोना भाइरसविरुद्धको साइनोभ्याक खोप ४० लाख मात्रा प्रयोग नगरी म्याद सकिने थालेको हो । बुस्टर डोजका रुपमा प्रयोग गर्न नमिल्ने भएपछि साढे दुई वर्षदेखि स्वास्थ्य सेवा विभागको केन्द्रीय भण्डारणमा तीन खोप थन्किएका छन् । चीन सरकारबाट अनुदानमा २०७८ वैशाख १२ र १४ गते खोप आएको थियो । वैशाख १२ गते ३४ लाख ४३ हजार तीन सय ६० मात्रा र वैशाख १४ गते पाँच लाख ५६ हजार ६ सय ४० मात्रा खोप नेपाल आएको थियो । व्यवस्थापन महाशाखाका निर्देशक डा सर्वेश शर्माले बुस्टर डोजका लागि प्रयोग गर्न नमिल्ने भएपछि खोपको म्याद सकिने थालेको बताए । उनले खोपको म्याद सकिन थालेकाले अब प्रयोग गर्न नसकिने बताए । 'अहिले कोरोना भाइरसको महामारी पनि छैन । खोपको म्याद पनि सकिन थालेको छ । त्यसैले अब हामी प्रयोग गर्न सक्दैनौ', उनले भने । खोपको म्याद यही पुस ७ गतेसम्म मात्र छ । उनले खोप त्यतिकै खेर जान थालेपछि उचित व्यवस्थापनका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई पत्राचार गरिएको बताए । 'हामीले दुई पटकसम्म खोप के गर्ने भनेर मन्त्रालयलाई पत्राचार गरिसक्यौँ', उनले भने, 'अब मन्त्रालयले जे गर्न निर्देशन दिन्छ । त्यही गर्दछौँ ।' नेपालमा पहिलो र दोस्रो मात्रा खोप लगाउन मानिस नभएको र बुस्टर डोजका रुपमा प्रयोग गर्न नमिल्ने भएपछि ४० लाख खोप प्रयोगका लागि परराष्ट्र मन्त्रालयबाट कूटनीतिक पहल गरी अन्य देशमा पठाउन अनुरोध भएको थियो । आपूर्ति व्यवस्थापन शाखाको प्रमुख डा सुरेन्द्र चौरसियाले विश्व स्वास्थ्य सङ्गठनले खोप बुस्टर डोजका लागि उपयुक्त नभएको भनेपछि खोप नलगाइको बताए । 'कोरोना महामारीको बेला खोपको माग गरेर आएको हो । तर खोप नेपाल आउँदा धेरै मानिसले पहिलो र दोस्रो मात्रा खोप लगाइसकेका थिए', उनले भने, 'खोपलाई डब्लुएचओले बुस्टरका लागि प्रयोग गर्न नमिल्ने भनेपछि हामीले खोपको प्रयोग गर्न सकेनौँ ।' त्यतिबेला बुस्टर डोजका लागि साइनोभ्याकको सट्टा फाइजर खोप प्रयोग गरिएको थियो । डब्लुएचओले प्रयोग नगर्ने भनेपछि राष्ट्रिय खोप सल्लाहकार समितिले खोप नलगाउने निर्णय गरेको हो । स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले खेर जान थालेको खोपबारे अझै निर्णय नभएको बताए । उनले चीन बाहेक अन्य देशमा पठाउन नसके यही खोपलाई 'डिस्पोजल' गरिने बताए । अहिलेसम्म नेपालमा छ करोड ६९ लाख ८३ हजार दुई सय ७० मात्रा खोप आइसकेको छ ।

# किसानलाई अलैँची भित्र्याउन चटारो



**रासस**
**फुङ्लिङ ।**
ताप्लेजुङका किसानलाई अलैँची घर भित्र्याउन भ्याइनभ्याइ भएको छ । दशैँ सकिएसँगै किसान अलैँची टिप्न, छोडाउन र सुकाउनमा व्यस्त छन् ।
ताप्लेजुङमा असोज–मङ्सिर महिना अलैँची थन्क्याउने मुख्य समय हो । अलैँची ताप्लेजुङकै प्रमुख नगदे बालीका रूपमा खेती गरिन्छ । बेँसी क्षेत्रमा साउनदेखि लेकाली क्षेत्रमा मङ्सिर तेस्रो सातासम्म अलैँची टिपाइ हुन्छ । अहिले मध्यभागमा अलैँची थन्क्याउने मुख्य याम भएकाले किसानलाई चटारो छ । अलैँची सङ्कलन ढिलो गरेमा वन्यजन्तुले खाएर क्षति पुर्याइदिने हुँदा किसानलाई अलि बढी चटारो लागेको पाथीभरा याङवरक गाउँपालिका–१ थेचम्बुका ज्ञानबहादुर गुरुङले बताए । अलैँची थन्क्याउने यामका कारण चाडपर्व सहज गरी मनाउनै नपाएको उनले बताए । मुख्य याम भएकाले चाडपर्वमा पनि अलैँची बारी (बगान)मै बिताउनुपरेको फक्ताङलुङ गाउँपालिका–६ मादिबुङका वसन्त लिम्बूले बताए । तिहार अलैँची बगानमै मनाउने उनको योजना छ । फुङ्लिङ नगरपालिका–६ बिहीबारेका खाङ्डु शेर्पाले पनि अलैँची टिप्न, छोडाउन र सुकाउनमै दशैँ बितेको बताए । घरमा बसेर चाडपर्व मनाउन थाल्दा जङ्गली जीवजन्तुले धेरै क्षति गर्ने भएकाले चाडपर्व नभनी अलैँची टिप्न र थन्क्याउनमा व्यस्त हुनुपरेको उनले बताए । अलैँची खेतीमा संलग्न जिल्लाभरका किसानलाई अहिले अलैँची भित्र्याउन भ्याइनभ्याइ छ । जिल्लाका नौ स्थानीय तहका ६१ वडामध्ये फक्ताङ्लुङ–७ ओलाङ्चुङगोलाबाहेक सबै वडामा अलैँची खेती गर्दै आएका छन् । जिल्लामा करिब चार हजार चार सय ५० हेक्टर क्षेत्रफलमा अलैँची खेती गरिँदै आएको छ । ताप्लेजुङमा प्रतिमन (४० किलो) खलैँची ५५ हजार रुपैयाँमा खरिद बिक्री हुँदै आएको छ ।

# अलैँची बगानमा रोजगारी

फुङ्लिङ–७ बिहीबारे क्षेत्रमा रहेको अलैँची बगानमा पूर्ण राई अलैँची टिपाइमा व्यस्त छन् । उनी पाथीभरा याङवरक गाउँपालिका–१ नाङखल्याङबाट अलैँची टिप्न रोजगारी गर्न फुङ्लिङसम्म आएका हुन् । दशैँ सकेलगत्तै राई घरबाट निस्किएका हुन् । बिहान उठेपछि अलैँची टिप्न बगानमा पसेको राई साँझमात्र बगानबाट बाहिर निस्किन्छन् । उनी साँझ–बिहानको खाना खाजा पनि अलैँची बगानमै खान्छन् । बिहान र दिनभरि टिपिएको अलैँचीको थुङ्गा बगान नजिकै रहेको अलैँची सुकाउने भट्टीमा जम्मा गर्छन् । दिनभरि टिपिएको अलैँचीको थुङ्गा बेलुका १० बजेसम्म छोडाउनु राईको अहिले दैनिकी बनेको छ । पाथीभरा याङवरक–१ नाङखल्याङ गाउँका पूर्ण राईसँगै सात जना घर छाडेर अलैँची टिप्न फुङ्लिङ पुगेका हुन् । गाउँमा रोजगारी नभएपछि रोजगारी खोज्दै फुङ्लिङ–६ अवस्थित अलैँची बगानमा आइपुगेको नरप्रसाद राईले बताए । उनी तिहारसम्मै बगानमै बसेर अलैँची टिप्ने, ओसार्ने, भट्टी लगाउने काममा व्यस्त छन् । देउसीभैलो खेल्नेलाई दान दक्षिणा दिनका लागि खर्च जुटाउन अलैँची बगानमा रोजगारी गर्न थालेका हुन् । अलैँचीमै बसेर टिप्ने, छोडाउने र सुकाउने मजदुरलाई प्रतिदिन पाँच सयदेखि सात सय रुपैयाँसम्म ज्याला दिने गरेका छन् ।

# गाजामा इजराइलको ‘समग्र सुरक्षा’ भूमिका रहने

**एपी**
**खान युनिस ।**
इजराइलका प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले हमाससँगको युद्धपछि गाजामा अनिश्चितकालका लागि इजराइलको ‘समग्र सुरक्षा जिम्मेबारी’ रहने बताएका छन् । करिब २३ लाख प्यालेस्टिनीको बसोबास रहेको गाजापट्टीमा इजराइलले नियन्त्रण कायम गरिरहने योजना बनाइरहेको यो अहिलेसम्मको सबैभन्दा स्पष्ट सङ्केत हो । सोमबार राति प्रसारित एबिसी न्युजसँगको अन्तरवार्तामा उनले अक्टोबर ७ मा इजराइलमाथिको हमलामा हमासद्वारा बन्धक बनाइएका दुई सय ४० भन्दा धेरै बन्धकमध्ये केहीलाई रिहा गर्न युद्धमा ‘थोरै विराम’ गर्ने विषयमा खुला रहेको बताए । तर उनले सबै बन्धक नभएसम्म कुनै पनि सामान्य युद्धविरामलाई अस्वीकार गरे । सोमबार नेतान्याहु र अमेरिकी राष्ट्रपति जो बाइडेनबीच फोनवार्तापछि व्यापक मानवीय विरामका लागि बाइडेनको आह्वानसँग कुनै सम्झौता नभएको ह्वाइट हाउसले बताएको छ ।
इजराइली सेना एक साताभन्दा लामो समयदेखि गाजाभित्र प्यालेस्टिनी लडाकूहरूसँग लडिरहेको छ । सेना आधा क्षेत्रमा घुसेर गाजा सहरलाई घेरेर बस्न सफल भएको छ । युद्धको ठूलो मूल्य चुकाउनुपरेको छ । हवाई हमलामा पूरा सहरका ब्लकहरूलाई नष्ट बनाएको छ र करिब ७० प्रतिशत मानिस आफ्नो घर छाडेर भागेका छन् । थुप्रै सर्वसाधारण इजराइली आदेशको पालना गर्दै गाजाको दक्षिणी क्षेत्रतर्फ गएका छन् । गाजामा खाद्यान्न, औषधि, इन्धन र पानीको कमी भइरहेको छ र संयुक्त राष्ट्रसङ्घद्वारा सञ्चालित स्कुल–आश्रयस्थल सर्वसाधारणले भरिएका छन् । हमासले सञ्चालन गरेको गाजापट्टीको स्वास्थ्य मन्त्रालयले चार हजार एक सयभन्दा बढी बालबालिकासहित १० हजारभन्दा बढी प्यालेस्टिनी मारिएको सोमबार बताएको छ । त्यस्तै दुई हजार तीन सयभन्दा बढी सर्वसाधारण बेपत्ता भएका छन र उनीहरू क्षतिग्रस्त भवनहरूको भग्नावशेषमा पुरिएको हुनसक्ने मन्त्रालयले बताएको छ ।

# क्रिकेट बोर्ड श्रीलङ्का पुनःस्थापित

**एएफपी**
**कोलम्बो ।**
श्रीलङ्काको पुनरावेदन अदालतले मङ्गलबार क्रिकेट बोर्ड बर्खास्त गर्ने खेलमन्त्रीको निर्णयलाई खारेज गरेको छ । साथै अदालतले पूरा सुनुवाइ नभएसम्म निष्कासित अधिकारीहरूलाई पुनरबहाली गरेको छ । सोमबार श्रीलङ्का क्रिकेट बोर्डलाई बर्खास्त गर्ने र एउटा अन्तरिम समिति नियुक्त गर्ने मन्त्री रोशन रणसिङ्घेको कदमलाई चुनौती दिँदै बोर्डका अध्यक्ष शम्मी सिल्भाले दायर गरेको निवेदनलाई अदालतले स्वीकार गरेको छ । ‘अदालतले मुद्दाको पुनः सुनुवाइ नगरेसम्म बोर्डको पुनःस्थापना दुई साताका लागि हो’, अदालतका एक अधिकारीले भने । अदालतले पूर्वकप्तान अर्जुना रणतुङ्गाको अध्यक्षताको अन्तरिम समितिलाई कार्यालयमा निरन्तरता दिन रोक लगाउने आदेश प्राप्त गरेपछि सिल्भा काममा फर्किने बोर्डका अधिकारीहरूले बताएका छन् । सरकारले बोर्डका ‘थाती मुद्दाहरू’ सम्बोधन गर्न एउटा क्याबिनेट समिति पनि नियुक्त गरेको छ । विश्वकप प्रतियोगितामा भारतसँग श्रीलङ्काको लज्जास्पद पराजयपछि खेलमन्त्रीले यस्तो कदम चालेका थिए । व्यापक भ्रष्टाचारको आरोपमा महिनौँदेखि आर्थिक सङ्कटमा परेको मुलुकको सबैभन्दा धनी खेल संस्था श्रीलङ्का क्रिकेट बोर्ड र मन्त्रीबीच विवाद कायम छ । सन् १९९६ को विश्वकप विजेता श्रीलङ्काका पूर्वकप्तान रणतुङ्गाले सोमबार पदभार सम्हालेपछि बोर्डको छवि सुधार्न र राष्ट्रिय टिमको पुनरनिर्माण गर्ने वाचा गरेका थिए ।

# गौतमबृद्ध रङ्गशालाको निर्माण अघि बढाइने



**चितवन ।**
गौतमबृद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माण अघि बढ्ने भएको छ । भरतपुर महानगरपालिका र बागमती प्रदेश सरकारबीच यससम्बन्धी सहमति भएको हो । अलपत्र अवस्थामा रहेको रङ्गशालाको काम लागत साझेदारीमा गर्ने विषयमा मंगलबार बागमति प्रदेशको मुख्यमन्त्री कार्यालयमा सहमति भएको हो । बागमती प्रदेशका मुख्यमन्त्री शालिग्राम जमकट्टेलको संयोजकत्वमा मंगलबार बसेको बैठकले प्रदेश सरकारले ७० प्रतिशत र भरतपुर महानगरपालिकाले ३० प्रतिशत लागत साझेदारीमा रङ्गशालाको काम अघि बढाउने निर्णय गरेको छ । बैठकले भरतपुर महानगरपालिकाले पहिलो चरणमा गर्नुपर्ने कामका लागि तयार गरेको लागत अनुमान ७५ करोड रुपैयाँ बराबरको काम लागत साझेदारीमा महानगरपालिकाले अघि बढाउने गरी निर्णय गरिएको हो । बैठकमा प्रदेश सरकारका अर्थमन्त्री बहादुरसिंह लामा, सामाजिक विकासमन्त्री कुमारी मोक्तान, भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहाल, उपप्रमुख चित्रसेन अधिकारी, प्रमुख सचिव घनश्याम उपाध्याय महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नरेन्द्रकुमार रानालगायतको उपस्थिति थियो । भरतपुर महानगरपालिकाका इञ्जिनियर सन्तोष आचार्यका अनुसार अहिले भइरहेको तल्लो तहको प्याराफिटको एक तहमाथि प्याराफिट निर्माण गरिने छ । मैदानको आकार मात्रै बनेको भन्दै उनले दुबो लगाउने र पिचको काम गरिने जानकारी दिए । खेलाडी बस्ने ठाउँ, पार्किङ व्यवस्थापन, भित्री सडकको व्यवस्थापनलगायतका काम यसै चरणमा हुने उनले बताए । यसअघि बनेका संरचनालाई संरक्षण गर्दै खेल खेल्न मिल्ने गरी काम अघि बढाउन लागिएको उनले जानकारी दिए । आचार्यले दुई वर्षभित्रमा काम सम्पन्न हुने गरी ठेक्का सम्झौतामार्फत् काम अघि बढाइने बताए । भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहालले प्रदेश सरकारसँग सहमतिसँगै काम अघि बढ्ने बताए । यसअघि धुर्मुस–सुन्तली फाउण्डेशनले काम गर्दाको बाँकी भुक्तानी लगायतका विषयमा सङ्घीय सरकारले निर्णय गर्ने उनले बताए । उपप्रमुख चित्रसेन अधिकारीले भरतपुर महानगरपालिकाभित्र रहेको महत्वपूर्ण आयोजना भएकाले यसलाई सहजरुपमा सम्पन्न गर्न रोकिएको काम अघि बढाउने गरी प्रदेश सरकारसँग सहमति गरिएको बताए । तत्काल बोलपत्र आह्वान गरी काम अघि बढ्ने उनको भनाइ छ ।
भरतपुर महानगरपालिका–१५ मा गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालाको काम रोकिएको दुई वर्षभन्दा बढी भएको छ । धर्मुस (सीताराम कट्टेल) सुन्तली (कुञ्जना घिमिरे) फाउण्डेसनले २० बिघा छ कठ्ठा जग्गामा निर्माण थालेको क्रिकेट रङ्गशालाको काम रकम अभावमा २०७८ साउन २० गते रोकिएको थियो । फाउण्डेसनले रङ्गशालाको स्वामित्व लिइदिन अनुरोध गर्दै भरतपुर महानगरलाई पत्र पठाए पनि हालसम्म निर्माणमा लागेको १८ करोड ४३ लाख रुपैयाँ ऋण कसले तिर्ने भन्ने टुङ्गो लाग्न सकेको छैन । रङ्गशाला निर्माणमा हालसम्म फाउण्डेशनले ५७ करोड ९२ लाख ८५ हजार सात सय ३८ रुपैयाँ खर्च भएको जनाएको छ । त्यसमध्ये १८ करोड ४३ लाख रुपैयाँ ऋण छ । फाउण्डेशनले वक्यौता तिर्न बाँकी राखेर काम छाडेकाले यसलाई अघि बढाउन अप्ठ्यारो परेको थियो ।

# बिक्री हुँदैनन् माटाका भाँडा




**रासस**
**नारायणगढ ।**
पुख्र्यौली पेसा धान्नका लागि बजार खोज्दै विसं २०३३ मा चितवन झरेका रन्तभक्त प्रजापति अहिले सन्तुष्ट छैनन् । बाबुबाजेले गर्दै आएको माटोका भाँडा बनाउने कामलाई निरन्तरता दिन र व्यवसायलाई फराकिलो बनाउने उद्देश्यका साथ भक्तपुरको ठिमीबाट अभिभावकसहित चितवन झरेका उनी अहिले माटोका भाँडा बिक्री हुन छाडेपछि उत्पादनको काम छाडेर पसल सञ्चालन सुरु गरेका छन् । भरतपुर महानगरपालिका–९ निवासी प्रजापतिको भरतपुर १२ थानि चोकमा माटाको भाँडाको सानो पसल छ । पसल सानो भए पनि दैनिक आवश्यकपर्ने माटाका भाँडा सबै उनको पसलामा पाइने गरेको छ । सुरुवातको समयमा आँफैले माटाको भाँडा बनाएर बिक्री गर्दै आएका उनी उत्पादित सामग्रीमा मेहनत बढी र आम्दानी कम हुने भएपछि सामान खरिद गरेर बिक्री गर्न थालेको बताउँछन् । ‘पहिले–पहिले मैले उत्पादन गरेर जुन पसलमा सामान बिक्री गर्दथे अहिले त्यही पसलबाट सामान खरिद गरेर ल्याउने गरेको छु’, उनी भन्छन्, ‘तिहारको समयमा कुनै वर्ष ४० हजार वटासम्म पाला बेच्ने गरेको थिएँ । अहिले दुई हजार वटा पनि बिक्री गर्न पनि समस्या छ ।’ बजारमा उपलब्ध प्लास्टिक तथा अन्य सामग्रीका सामानका कारण माटोका भाँडा विस्थापित भएको उनको बुझाइ छ । उनले भने, ‘यो पेसा सङ्कटमा पर्ने देखिएको छ । कसैले पनि गर्न खोज्दैनन्, युवामा आकर्षण छैन । दुःख बढी र आम्दानी कम भएपछि कस्ले गर्ने यस्तो काम ?’ चितवनमा आफूसँगै एक÷दुई जनाले मात्रै माटोको भाँडा बनाउने गरेको भन्दै उनले त्यो पनि चाडपर्वलाई लक्षित गरेर मात्रै बनाउने गरेको बताए । यस पेशामा दुःख बढी र कमाइ कम हुने हुँदा आकर्षण बढ्न नसकेको उनको बुझाइ छ । उनले भने, ‘पहिलेको तुलनामा अहिले ८० प्रतिशत बिक्रीमा कमी आएको छ’, भरतपुर महानगरपालिका–१ नारायणगढमा पूजा सामग्री सञ्चालन गर्दै आएका नारायण काफ्लेले भने, ‘आवश्यक परेको खण्डमा मात्रै माटोका भाँडा लैजाने ग्राहक भेटिन्छ ।’ विशेष गरी तिहारको अवसरमा माटोको पालाको मात्रै खोजी हुने गरेको भए पनि पहिलेको तुलनामा माग घट्दै गएको उनको भनाइ छ । उनले भने, ‘पहिला माटोको दियोमा बत्ती बाल्ने प्रचलन भए पनि मैनबत्ती तथा पाला जस्तै देखिने बिजुली बत्तीले यसलाई विस्थापित गर्दा माटाका सामग्री बिक्रीमा कमी आएको हो ।’ नारायणगढमा माटोका सामग्रीको थोकमा व्यवसाय गर्दै आएका ‘सुवेदी माटोको भाँडा पसल’का सञ्चालक नारायणप्रसाद सुवेदी विगतको वर्षमा जस्तो माटोको भाँडाको व्यापार हुन नसकेको बताउँछन् । उनले भने, ‘व्यापार त छ तर अघिल्ला वर्षको तुलनामा कम छ ।’ चितवनमा माटाका सामग्री उत्पादन नहुँने हुँदा भक्तपुरलगायतका क्षेत्रबाट ल्याएर यहाँ बिक्री गर्ने गरेको उनले बताए ।

# कोरला नाका कात्तिक २७ गतेदेखि सञ्चालन हुने

**रासस**
**म्याग्दी ।**
मुस्ताङको लोमान्थाङ गाउँपालिकास्थित कोरला नाका आगामी हप्तादेखि सञ्चालन हुने भएको छ ।
गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङले चिनियाँ पक्षबाट कात्तिक २७ गतेदेखि नाका सञ्चालन हुने जानकारी आएसँगै स्थानीयवासीमा खुसियाली छाएको बताए । ‘सरकार, जनप्रतिनिधि र सुरक्षा अधिकारीहरुको तहबाट कोरला नाका सञ्चालन गर्न भएको कूटनीतिक पहल सफल भएको छ’, उनले भने, ‘लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका बासिन्दा परिचयपत्रको आधारमा आवतजावत गर्न पाउनेछन् ।’ प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’को असोज पहिलो साता भएको भ्रमणका क्रममा चीनले कोरलालगायत नेपालका १४ वटा व्यापारिक नाका सञ्चालनमा ल्याउने तयारी भएको जनाएको थियो । यसैगरी मुस्ताङ र चीनको स्वशासित क्षेत्र ढोङवासेनका जनप्रतिनिधि तथा सुरक्षा अधिकारीहरुबीच नाका सञ्चालन र व्यवस्थापनका विषयमा चारपटक वार्ता भएको थियो । कोरोना महामारी फैलिएपछि विसं २०७६ देखि कोरला नाका पूर्ण रुपमा बन्द भएको थियो । त्यसअघिका वर्ष कोरला नाकामा वर्षमा दुईपटक अन्तरदेशीय व्यापार मेला हुने गरेको थियो । नाका सञ्चालनका लागि लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका एक हजार जनाभन्दा बढी सर्वसाधारणलाई ‘नेपाल चीन सीमा क्षेत्रमा प्रस्थानका लागि प्रवेश अनुमतिपत्र’ वितरण गरिएको प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले बताए । ‘प्रवेश पास भएका नागरिकले जुनसुकै समयमा पनि चीन जानेआउने सुविधा पाउनेछन्’, उनले भने, ‘कोरला नाकाको नजिकै रहेको नेचुङ भन्सार कार्यालयमा नियमित कर्मचारी उपस्थितिका लागि तयारी गरिएको छ ।’ नेचुङ सशस्त्र प्रहरी बल (विओपी)को भवन निर्माण भएको छ ।
जोमसोमदेखि कोरला नाकासम्म दुई लेनको कच्ची सडकको पहुँच पुगेको छ ।
चीनले नाकासम्म पक्की सडक र सुविधासम्पन्न भवन बनाएको छ । सन् १९६० को दशकमा चीनमा तिब्बत गाभिएपछि तिब्बतका खम्पाहरू नेपाली भूमि प्रयोग गरेर विद्रोहमा उत्रिएका थिए । सोही विद्रोहका कारण विसं २०३२ देखि कोरला नाका आवतजावतमा कडाइ गरिएको थियो । विसं २०५८ सम्म रोकटोक नरहेको सीमामा २०५९ देखि चीनले तारबार गरेर मेला बाहेकको अवधिमा बन्द गर्दै आएको छ ।
नाका सञ्चालन भएपछि मुस्ताङका बासिन्दाले दैनिक उपभोग्य वस्तु, निर्माण सामग्री, लत्ताकपडालगायत सामग्री सस्तोमा आयात गर्न पाउने लोघेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष राजु विष्टले जानकारी दिए ।

# टी ट्वान्टी महिला सिरिजका लागि टोली घोषणा

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल क्रिकेट संघ(क्यान) ले हङकङमा हुने चार देश सम्मिलित महिला टी ट्वान्टी सिरिजका लागि मंगलबार २२ सदस्यीय नेपाली महिला टोलीको घोषणा गरेको छ ।
यही कात्तिक २९ देखि मङ्सिर ३ गतेसम्म हङकङमा आयोजना हुने प्रतियोगितामा आयोजक हङकङसहित नेपाल, संयुक्त अरब इमिरेट्स (युएई) र मलेसिया छन् ।
छनोट हुने नेपाली टोलीमा रुविना क्षेत्री, पूजा महतो, सीता रानामगर, इन्दु बर्मा, विन्दु रावल, सङ्गीता राई, ज्योति पाण्डे र रोमा थापा छन् ।
त्यसैगरी, ईश्वरी विष्ट, सम्झना खड्का, रुवि पोदार, सबनम राई, कविता जोशी, अश्मिना कर्माचार्य, खुसी डङ्गोल, कृतिका मरासिनी, कञ्चन श्रेष्ठ, सोनी पाख्रिन, सोमु विष्ट, अप्सरी बेगम, काजोल श्रेष्ठ र मनिषा चौधरी छन् ।

# सयपत्री फूलको व्यावसायिक खेतीबाट आम्दानी

**अजयकुमार साह**
**जनकपुरधाम ।**
लहरै रोपिएका सयपत्री फूलका बिरुवा । कुनैमा हाँगा हालेर झपक्क परेका, कुनै हलल बढेर ढल्न आँटेका बिरुवाको स्याहारमा व्यस्त देखिन्छन् फूल व्यवसायी रामप्रवोध पण्डित ।




धनुषाको क्षीरेश्वरनाथ नगरपालिका–४ हरैयाका रामप्रवोध पण्डित व्यावसायिक सयपत्री फूल खेती गरेका छन् । पण्डितले चार वर्षअघि कोरोनाको समयमा बन्दाबन्दी हुँदा कामविहीन भएपछि सुबधिमाई पूmल भण्डार तथा उत्पादन शाखा सञ्चालन गरेर व्यावसायिक फूल खेती सुरुवात गरेका थिए । हरैयामा १० कट्ठा जमिन भाडामा लिएर उहाँले व्यावसायिक फूल खेती सुरु गरेका थिए । सुरुमा फूल खेतीसम्बन्धी अनुभव नहुँदा र लगातार दुई वर्षको बन्दाबन्दीमा खासै आम्दानी गर्न नसके पनि व्यवसायलाई उहाँले निरन्तरता दिए ।

गत वर्ष पाँच जातको सयपत्री फूल खेती गरेका उनले यसपालि 'मेग्रा', 'चिनाचेरी', 'कर्मा लिपल फाइभ ओरेन्ज', सेतो हजारी, कलकत्ते ओरेन्जलगायत जातका सयपत्रीका बिरुवा लगाएका छन् । उनले गत वर्ष तिहारको समयमा फूल मात्रै रु १० लाखको बिक्री गरेका थिए । यसपटक पनि तिहारको समयमा १५ देखि २० लाख आम्दानी गर्ने लक्ष्य रहेको पण्डितले बताए ।

आफूले फूल खेतीबाट मनग्य आम्दानी गर्न सकिने देखेपछि गाउँका युवालाई वैदेशिक रोजगारीमा जानुभन्दा स्वदेशमै कृषिबाट मनग्य आम्दानी गर्न सकिने सल्लाह उहाँ दिनुहुन्छ । फूल खेतीबाट आम्दानी राम्रो हुन थालेपछि आफूलाई काम खोज्दै विदेश पनि जान नपरेको उहाँको भनाइ छ ।आफूहरु श्रीमान्, श्रीमती र दुई बुहारीसहित फूल खेतीमा लागिरहेको बताउँदै पण्डितकी श्रीमती फुलोदेवी फुलोले भने, 'जग्गा बाँझो छाडेर विदेश जानुभन्दा स्वदेशमै बसेर यस्तै फूल खेती गर्न सके आयआर्जनको बलियो आधार हुने अवस्था रहेको छ ।' फूल उत्पादनका लागि यहाँको माटो उपयुक्त रहेको फुलाको भनाइ छ । यहाँ उत्पादित फूल विदेश निर्यात गरेर पनि आम्दानी गर्न सक्ने सम्भावना रहेको छ ।

रामप्रवोधले यसपालि फूल खेतीको क्षेत्र विस्तार गरेर एक बिघा पु¥याएको हुँदा उपभोक्ताले केही सस्तो मूल्यमा फूल किन्न पाउने धारणा व्यक्त गरे । फूलमा क्षीरेश्वरनाथ नगरपालिका र आसपासका गाउँ नगरलाई आत्मनिर्भर गराउने उद्देश्यले फूल खेतीको क्षेत्र विस्तारको योजना रहेका पण्डितले बताए । 'फूल खेतीबाट हुने आम्दानी राम्रो छ, याममा लाखौँको फूल बिक्री भइरहेको छ', उनले भने ।

उनले स्थानीय एभरेष्ट पेपर मिल्सको जागिर छोडेर फूल खेतीमा लागेका हुन् । उनले मासिक २५ हजारको जागिर छाड्नु भएको हो । उनको परिवारलाई घाम उदाएदेखि अस्ताएसम्म फूलबारीमा काम गर्न भ्याइनभ्याई हुन्छ । फुलोदेवी भन्छन्, 'फूलको हेरचाहमै दिन बित्छ, बिहान उठेदेखि नै फूलमा पानी हाल्यो, गोडमेल गर्‍यो समय बितेको पत्तै हुँदैन ।'

व्यावसायिकरुपमा सयपत्री फूल खेती गर्नुभएका उहाँलाई तिहारमा फूल टिप्ने र बेच्ने चटारो भएको हो ।

तिहारको बेलामा मात्र नभई अन्य समयमा पनि फूलको माग हुने गर्दछ । फूल राम्रो देखेर जिल्लामा आयोजना हुने जुनसुकै कार्यक्रममा पनि फूलका लागि निरन्तर फोन आउने गरेको पण्डित बताउछन् । 'यसरी आएको फोन र फूलले बजार पाउँदा पुष्प व्यवसायमा अझ उत्साहित बनाएको छ ।'पण्डितले विवाह, पूजा, विभिन्न सङ्घसंस्थाको औपचारिक तथा अनौपचारिक कार्यक्रममा उत्पादन गरेको सयपत्री फूलको माला खपत हुने गरेको बताए ।

'सार्वजनिक कार्यक्रममा अतिथि सत्कारका लागि खादाभन्दा मालाको माग बढ्दो छ,' पण्डितले भने, 'उत्पादनले बजार नपाउने चिन्ता छैन, मागअनुसार पु¥याउनै सकेको छैन ।'

कृत्रिम फूलका प्रयोगकर्ता घटेपछि प्राकृतिक फूलमा आकर्षण बढ्दा जिल्लामा सयपत्री फूलको माग बढी भएको क्षीरेश्वरनाथ नगरपालिकाका कृषि अधिकृत गङ्गा यादवले बताउनुभयो ।

प्रतिमाला २५ देखि ३० रुपैयाँले बिक्री हुने गरेकामा तिहारको अवधिभर २५ हजार फूलको माला बिक्री हुने उनको विश्वास छ । यसबाट रु सात लाखभन्दा माथि आम्दानी हुने उनको भनाइ छ । पुष्प खेतीबाट पर्याप्त आम्दानी हुँदैन, बजार छैन भन्नेका लागि पण्डित एक उदाहरण बनेका छन् । 'फूलखेतीबाट आफ्नो परिवार चलाउन मलाई दुःख छैन । एक बिघामा फूल रोप्दा पनि जिल्लाभन्दा बाहिर माग पु¥याउन सकेको छैन, बजार छैन भन्न मिल्दैन', उनले भने ।

बजारमा मालाको अभाव देखिनु नेपाली किसानले व्यावसायिकरुपमा पुष्प खेती नगर्नुको उपज भएको पण्डितको भनाइ छ । 'कहिलेकाहीँ काम धेरै भएका बेला ज्यालामा पनि खेताला लगाउने गरेको छु', उनले भने, 'एक्लै भए पनि काम गर्न आनन्द लाग्छ, ढकमक्क फुलेका फूलको सुगन्धले एक्लोपनको आभास नै गराउँदैन ।'कम लगानीमा छिटो र उत्पादन राम्रो हुनाका साथै आम्दानी मनग्य भएपछि पण्डित पुष्प व्यवसायमा आकर्षित भएको हो । 'विभिन्न कार्यक्रम र उत्सवमा फूलको मालाको प्रयोग बढ्न थालेपछि व्यावसायिक रुपमा गर्दा आम्दानी हुन्छ भन्ने लागेपछि यसतर्फ लागेका हौँ,' उनले भने, 'फूल आयातको सट्टामा निर्यात हुन्छ, जिल्लामै फूलको खपत पनि हुने भएपछि यसमा लागेका हौँ, तिहारमा यो फूल अझ बढी खपत हुन्छ, यसले हामीलाई उत्साह थपेको छ ।'

सुरुआत गर्दा आफ्नै चार÷पाँच कट्ठा जमिनमा तीन रुपैयाँ गोटाको दरले फूलको बिरुवा किनेर करिब एक हजार पाँच सय जति रोपेर सुरुआत गरेको फूल खेती अहिले एक बिघामा विस्तार गरेको पण्डितको गुनासो राज्यसँग छ । उनले आफूहरु जस्तो किसानलाई राज्यले कुनै किसिमको सहयोग नगरेको गुनासो गर्छन् । उनले प्राविधिक सहयोगका साथै केही अनुदानको बन्दोबस्त राज्यस्तरबाट भए अरू पनि किसान व्यावसायिक फूल खेतीतर्फ आकर्षित हुने धाराणा राख्छन् ।

# सशस्त्रद्वारा लाखौँको सामग्री बरामद



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अवैध चोरी निकासी नियन्त्रणामा खटिइरहेको सशस्त्र प्रहरी बल नेपालले धनुषाको जनकनन्दिनी गाउँपालिका वडा नम्बर १ ईनर्वास्थित अड्डा टोल इलाकाबाट भारी मात्रामा कपडा बरामद गरेको छ ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर ८ गण हेडक्वार्टर धनुषाका गणपति सशस्त्र प्रहरी उपरीक्षक दिनेश मल्लको सक्रियतामा सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म महिनाथपुरमातहत बिओपि ईनर्वाबाट खटिएको टोलिले भारतबाट भन्सार छली तीन वटा मोटरसाइकलमा राखेर नेपाल ल्याउँदै गरेको अन्दाजी ३ लाख ७५ हजार रुपैयाँ बराबरको कपडा र कपडा ल्याउन प्रयोग गरेको अन्दाजी ४ लाख ५० हजार रुपैयाँ बराबरको मोटरसाइकलसमेत बरामद गरेको हो ।

साथै सशस्त्र प्रहरी बल नेपाल नम्बर ८ गणबाट खटिएको गस्ती टोलीले जनकपुरस्थित महावीर चोकबाट २ वटा मोटरसाइकलमा अवैधरुपमा ल्याउँदै गरेको अन्दाजी २ लाख रुपैयाँ मूल्य बराबरको कपडा र कपडा ल्याउन प्रयोग गरेको अन्दाजी २ लाख रुपैयाँ मूल्य बराबरको मोटरसाइकलसमेत बरामद गरेको छ । सशस्त्र प्रहरीको गस्ती टोलीलाई देखेपश्चात तस्करहरु मोटरसाइकल र सामान छाडेर भागेका थिए । कपडा र मोटरसाइकल गरी जम्मा १२ लाख २५ हजार रुपैयाँ बराबरको बरामद सामान आवश्यक कारबाहीका लागि जनकपुर भन्सार कार्यालयमा बुझाउने प्रक्रियामा रहेको सशस्त्र प्रहरीले जनाएको छ ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर ८ गणमार्फत धनुषा तथा गण मातहत कार्यालयहरुले चालु आर्थिक वर्षको कार्तिक महिनामा मात्रै ६० लाख रुपैयाँ भन्दा बढी मूल्यबराबरको अवैध सामान तथा सामान ओसारपसारमा प्रयोग गरिएका सवारी साधन बरामद गरी आवश्यक कारबाहीका लागि जनकपुर भन्सार कार्यालयमा बुझाएका छन् ।

# कांग्रेस नेता चौधरी जनमतमा प्रवेश



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसका चर्चित नेता मुना चौधरी जनमत पार्टीमा प्रवेश गरेका छन् ।

मंगलबार जनकपुरधाममा कार्यक्रम गरेर नेता चौधरी जनमत पार्टीमा प्रवेश गरेका हुन् । उनलाई जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा.सिके राउतले खादा लगाएर पार्टीमा स्वागत गरे । अध्यक्ष डा.राउतले पार्टीका सदस्यतासमेत नेता चौधरीलाई हस्तान्तरण गरेको हो । नेता चौधरी मुखियापट्टी मुसहरनिया गाउँपालिकाका हुन् ।

जनमत पार्टीका राष्ट्रिय प्रवक्ता डा.शरद सिंह यादव, पार्टी प्रवेश समन्वय समितिका संयोजक माधव सिंह, जनमत पार्टीका महासचिव तथा मधेश सरकारका श्रम तथा यातायात मन्त्री चन्दन सिंह, पार्टीका राष्ट्रिय सचिव संजय यादव, शिक्षा तथा समाज कल्याण मन्त्री महेश प्रसाद यादव, पार्टीका केन्द्रीय कार्यकारिणी सदस्य ई.शम्भुनाथ साहलगाइतका नेताले नेता चौधरीलाई पार्टीमा स्वागत गर्दै उनलाई बधाई तथा शुभकामना दिएका थिए ।

# गुम्बा, मन्दिर र ताल अतिक्रमणमुक्त गर्न ज्ञापन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुर नागरिक समाजका अध्यक्ष मुरली मनोहर मिश्रले जनकपुरधामको गुम्बा, मन्दिर र ताललाई अतिक्रमणमुक्त बनाउन ज्ञापनपत्र बुझाएका छन् ।

राष्ट्रिय योजना आयोगले आयोजना गरेको १६औँ तजुर्मा अन्तरक्रिया कार्यक्रममा गुम्बा, मन्दिरको अस्तित्व जोगाउन 'श्री राम जानकी जल परिक्रमा क्षेत्र विकास आयोजना २०८०' को अवधारणापत्र कार्यक्रमका अध्यक्ष जनकपुर नागरिक समाजका अध्यक्ष मुरली मनोहर मिश्रले' राष्ट्रिय योजना आयोगको जनकपुरधाम ताल र राष्ट्रिय योजना आयोगका अध्यक्ष डा जयकान्त राउतलाई ज्ञापनपत्र बुझाएका छन् ।

ज्ञापनपत्रमा उल्लेख भए अनुसार जनकपुरधामका कुण्ड, गुम्बा, मन्दिर र ताल अतिक्रमणको सिकार बन्न थालेका छन् । सबै गुम्बा, मन्दिर र तालको अस्तित्व खतरामा छ । धेरै गुम्बा र मन्दिर लोप भएका छन्, ऐतिहासिक ताल लोप भएका छन्, बाँकी रहेकाको अस्तित्व खतरामा छ । तालको पानी जनकपुरधामको जीवन रेखा हो ।

उनले जनकपुरधामका सबै गुम्बा, मन्दिर र ताललाई अतिक्रमणमुक्त गर्न र जनकपुरधामका गुम्बा, मन्दिर र तालको विकास गर्न आग्रह गरेका छन् । अन्तरक्रियामा मन्त्री, मन्त्रालयका सचिव र विभिन्न क्षेत्रका प्रतिनिधिको सहभागिता थियो ।

# स्थानीय तहको योजना तर्जुमा तालिम




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको जनकनन्दिनी गाउँपालिकामा स्थानीय तहको योजना तर्जुमा सहभागीताका सम्बन्धमा तीन दिवसीय तालिम सोमबार सम्पन्न भएको छ ।

स्थानीय तहमा हुने विकास निर्माणका काम लगायतका विभिन्न प्रकारका क्रियाकलापहरुमा युवाहरुको सहभागीताको कमिका कारण लक्षित वर्गको बजेट अन्य विषयमा खर्च भईरहदा युवाहरुको विकासमा समस्या भईरहेको बेलामा प्लान इन्टरनेसनल नेपालको सहयोगमा सामुदायिक परिवार कल्याण संघको आायेजनामा २० जना युवाहरुलाई स्थानीय युवाहरुलाई सो तालिम प्रदान गरिएको छ । तालिममा सहभागी भएका युवाहरुले यो तालिम पछि अब वडास्तरमा हुने योजना तर्जुमा बैठकमा सहभागी भई युवा लक्षित बजेट बनाउन आफुहरुले जनप्रतिनिधि समक्ष पैरवी गर्ने बताएका छन् ।

तालिममा सहभागीहरुलाई प्रशिक्षक किशोर कुमार कर्णले प्लानपरिवारका सदस्य तथा परिवर्तनका सम्बाहक सीओसीका युवाहरुलाई सो तालिम प्रदान गर्नुभएको थियो । संघका कार्यक्रम संयोजक यमलाल साशंकरले तालिममा सिकेका कुरालाई अगामी दिनमा स्थानीय तह संग समन्वय गरी योजना निर्माण प्रक्रियामा सहभागी भई युवा लक्षित बजेट ल्याउन पहल गर्न सहभागी युवाहरुलाई आग्रह गरे ।

# जनकपुरधाममा पटाखा पड्काउन निषेध


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, धनुषा
E-mail : daodhanusha20@gmail.com

पत्र संख्या :-०८०/०८१
चलानी नं.:-
मिति:- २०८०/०७/२१

सूचना ! सूचना !! सूचना !!!

नजिकिदै गरेको महान चाँड दिपावली एवं छठ पर्व २०८० को शुभ उपलक्ष्यमा सम्पूर्ण जिल्लावासीहरुमा सुख-शान्ति एवंम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै चाडपर्वको अवसरमा पटका, आतिसवाजी जस्ता प्रज्वलनशील पदार्थहरु नपड्काउन, ओसार पसार तथा बिक्री वितरण समेत नगर्न नगराउन लगायत देउसी, भैलो, नाचगान जस्ता मनोरञ्जनात्मक कार्यहरु गर्दा रात्रीको १०:०० बजे सम्म मात्र गर्नुहुन अनुरोध गरिन्छ । साथै जुवा, तास लगायतका जुवाजन्य खेल नखेल्न, नखेलाउनु हुन सर्वसाधारण लगायत सबैमा हार्दिक अनुरोध गरिन्छ । यो सूचना अवज्ञा गरी कानुन विपरीतका कार्यहरु गरेको पाईएमा प्रचलित कानुन अनुसार कडा कारवाही भै जाने व्यहोरा समेत सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जिल्ला प्रशासन कार्यालय धनुषाले हिन्दू धर्मावलम्बीको उल्लासको पर्व दीपावलीमा पटाखा पडकाउन रोक लगाएको छ ।

जिल्ला प्रशासन कार्यालय धनुषाले मंगलबार सूचना जारी गर्दै दीपावलीका नाममा पटाखा नजलाउन आग्रह गरेको हो ।

धनुषा प्रशासनले तिहारका नाममा पटाखा पड्काउने, आतिसबाजी गर्ने, जुवातास खेल्ने, प्रज्वलनशील पदार्थ फुटाउनेलाई कारबाही गरिने जनाएको छ । साथै सूचनामा देउसीभैलोदेखि मनोरञ्जनका कार्यक्रमसमेत राति १० बजेसम्म मात्र गर्न निर्देशन दिएको छ ।

हिन्दू धर्मावलम्बीको उल्लासको पर्व मानिने दिपावलीमा विगतमा झैँ खुसियालीमा पटाखा जलाउँदै आएको छ ।



# यातायात कार्यालय वीरगंजले इभीआरएस प्रणाली सुरु गर्ने



**मधेशदृष्टि**
**वीरगंज ।**
यातायात व्यवस्था कार्यालय नारायणी वीरगंजमा बुधवारबाट सवारी दर्ता, नामसारी, कर चुक्ता, सरुवा सहमति गर्न इभीआरएस प्रणाली सुरु गर्ने भएको छ । कार्यालयले यो सेवा सुरु गर्न लागेको र प्रणाली सुरु भएपछि यी सबै काम गर्न कार्यालय आउनु नपर्ने कार्यालय प्रमुख कमलराज गौतमले बताएका छन् । कार्यालयमा आउँदा झनझट हुने, बिचौलियाको चलखेलमा पर्दा सेवाग्राहीले पाउने गरेको दुःखको अन्त्य गर्न यो प्रणाली प्रभावकारी हुने विश्वास गरिएको छ । भौतिक रुपमा कार्यलयमा उपस्थित नभइ जुन सुकै स्थानबाट इभीआरएस प्रणालीको प्रयोग गरि सवारी दर्ता, नामसारी, कर चुक्ता गर्न सकिने छ । यसले सेवाग्राहीलाई सहज र झनझट नहुने कार्यालय प्रमुख गौलमले बताए । इभीआरएस प्रयोग गर्न झण्झट नहोस भनेर कार्यालयले आफना कर्मचारी र सम्बन्धित व्यक्तिलाई दुई दिने प्रशिक्षण समेत दिएको गौतमले बताए । इभीआरएस प्रणाली शुरु भएपछि बीरगंजमा यातायात कार्यालयमा हुने अनियमितता र दलालीको समेत अन्त्य हुने अपेक्षा सेवाग्राहीले गरेका छन् । यसअघि यो प्रणाली बर्दिबास र लहानमा सुरु भइसकेको छ ।

# निजगढद्वारा भुकम्प प्रभावितलाई औषधी उपचारको घोषणा




**मधेशदृष्टि**
**वीरगंज ।**
जाजरकोट र रुकम (पश्चिम)को भूकम्प प्रभावितलाई बाराको निजगढ नगरपालिकाले भुकम्पबाट प्रभावित नागरिकहरुलाई राहत तथा औषधि उपचारका सहयोग गर्ने घोषणा गरेको छ ।
नगर कार्यपालिकाको निर्णय बमोजिम निजगढ नगरपालिकाको आ. ब. २०८० / २०८१ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रममा रहेको विपद व्यवस्थापन शीर्षकमा विनियोजित रकमबाट पाँच लाख सहयोग रकम उपलब्ध गराउन लागेको हो ।
नगर प्रमुख सुरथ पुरीले सोमबार निकालेको शोक बक्तव्यमा कार्तिक १७ गते राति जाजरकोटको रामीडाँडा आसपास केन्द्रविन्दु भई गएको भुकम्पमा परी नलगाढ नगरपालिका, जाजरकोटका उपप्रमुख सरिता सिंह सहित ज्यान गुमाउनेहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै ५ लाख रुपैया प्रधानमन्त्री राहत कोषमा उपलब्ध गराउने जनाईएको छ ।

# विभिन्न दलहरुद्वारा उद्धार कोषमा सहयोग

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेसले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ५० लाख रुपैयाँ सहयोग गरेको छ ।
कांग्रेसका सभापति शेरबहादुर देउवासहितको पदाधिकारीहरुको प्रतिनिधिमण्डलले मंगलबार बिहान प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’लाई बालुवाटारमा भेटेर चेक हस्तान्तरण गरेको हो ।
कांग्रेसले भूकम्पपछिको उद्धार, राहत, पुनःस्थापना र पुनःनिर्माणका लागि नौ बुँदे सुझाव पेस गर्दै सरकारको ध्यानाकर्षण पनि गराएको छ । कांग्रेसले भूकम्पपछिको खोज र उद्धारमा प्रधानमन्त्रीको तदारुकता र तत्परताको प्रशंसा पनि गरेको छ ।
कांग्रेसले राहत र पुनःनिर्माणका लागि अनुभवी कर्मचारी परिचालन, अस्थायी आवासको व्यवस्था, उद्धार र पुनःस्थापनामा एकद्वार प्रणाली अनुसरण गर्दा प्रदेश सरकार र स्थानीय सरकारलाई नै नेतृत्वदायी भूमिका दिइ सङ्घीय सरकारको अनुगमन र सहजीकरणका लागि सुझाव समेत दिएको छ । प्रधानमन्त्री प्रचण्डले विगतका राम्रा अनुभवहरुको अनुसरण गर्ने बताए । उनले खोज र उद्धारको पहिलो चरणको काम सफलतापूर्वक सम्पन्न भएको बताउँनुहुँदै अब राहत र पुनःनिर्माणको दोस्रो चरणको काम द्रुतगति हुने बताए । प्रधानमन्त्रीले आउँदो दिनमा भूकम्पलगायतका अन्य प्राकृतिक प्रकोपका लागि पालिकामा भण्डारणको व्यवस्था गर्ने, भूगोलको अध्ययन गरेर एकीकृत बस्तीको मापदण्ड तोक्नेलगायतका कामबारे छलफल भएको बताए । मंगलबारनै नेकपा (एकीकृत समाजवादी) ले पनि २५ लाख रुपैयाँ सहयोग गरेको छ ।
पार्टीका अध्यक्ष माधवकुमार नेपाललगायतका नेतासहितको प्रतिनिधि मण्डलले प्रधानमन्त्रीलाई बालुवाटारमा भेट गरी २५ लाख रुपैयाँ बराबरको चेक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको लागि हस्तान्तर गरेको थियो ।
यसैविच प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’लाई वाणिज्य बैंकले एक करोड रुपियाँको चेक हस्तान्तरण गरेको छ । जाजरकोट र रुकुम पश्चिममा भूकम्पबाट पीडित तथा प्रभावितहरूको उद्धार एवम् राहतका लागि वाणिज्य बैंकका कर्मचारीले प्रधानमन्त्री प्रचण्डलाई एक करोडको चेक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका लागि हस्तान्तर गरेका हुन् । यसैगरी, प्रधानमन्त्री प्रचण्डलाई नेकपा (माओवादी केन्द्र)का उपाध्यक्ष पम्फा भुसाललगायत नेताहरुले ५० लाखको चेक हस्तान्तरण गरेका छन् ।
सिंहदरबारमा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका लागि उपाध्यक्ष भुसालले प्रधानमन्त्रीलाई ५० लाखको चेक हस्तान्तरण गरेका हुन् । यसअघि, आइएमई ग्रप तथा ग्लोबल आइएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले जाजरकोट र रुकुमपश्चिम लगायतका जिल्लाका भूकम्प प्रभावितका लागि एक करोड ५० लाख बराबरको चेक प्रधानमन्त्री प्रचण्डलाई हस्तान्तरण गरेका थिए ।

# विजक भन्दा बढी समान रहेको ट्रक नियन्त्रणमा




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले मंगलबार विहान बिल बिजक भन्दा झण्डै १७ लाख भन्दा बढीको खुद्रा समानहरू लोड रहेको ट्रक वीरगंजबाट नियन्त्रणमा लिएको छ । वीरगंजबाट सिराहातर्फ जाँदै गरेको ना ३ ख ६९९ नम्बरको मालवाहक ट्रक बीरगंजको गण्डक चोकमा रोकेर चेकजाँच गर्ने क्रममा विल विजक भन्दा बढी मालबस्तुहरू लोड रहेको तथा सो विल बिजक समेत शंकास्पद देखिएपछि ट्रक नियन्त्रणमा लिईएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी कुमार विक्रम थापाले बताए ।
बरामद गरिएको सामानको १७ लाख ५४ हजार २ सय ८७ रुपैया मुल्यांकन गरी थप कारवाहीका लागि मंगलबार राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको थापाले बताए ।

# मधेश प्रदेशलाई साक्षर बनाउँदै साक्षर नेपाल बनाइने

*जनकपुरधाम उपमहानगरका नगरप्रमुख मनोजकुमार साहले शिक्षास्थलको वातावरण र विद्यालय तथा बालबालिका विद्यार्थीप्रति गम्भीर नहुनु दुःखद रहेको उनको भनाई थियो । विद्यालयको छेउमा बस स्टेन्ड बनाएर विद्यालयलाई बाधा अवरोध पर्ने हुनाले यसबारेमा नगरप्रमुखको ध्यानाकर्षण गराए पनि उनले आफूलाई मेरो क्षेत्राधिकारमा पर्ने हुनाले यसतर्फ तपाईंले ध्यान दिनुपर्ने आवश्यकता नरहेको बताएको मन्त्री यादवले बताए ।*




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको शिक्षा तथा संस्कृति मन्त्री महेशप्रसाद यादवले मधेश प्रदेश शिक्षा क्षेत्रतर्फ निकै पछाडि रहेकामा दुःख व्यक्त गरेका छन् । सोमबार जनकपुरधाममा आयोजित बृहत शिक्षा सम्मेलनमा बोल्दै मन्त्री यादवले साक्षरतातर्फ निकै पछाडि रहेका कारण मधेश प्रदेश शिक्षा क्षेत्रमा कमजोर रहेको बताएका हुन् । मधेश प्रदेशको शैक्षिक अवस्था, चुनौती तथा आगामी कार्यदिशासम्बन्धी संघ, प्रदेश, स्थानीय तह र सरोकारवालाबीच भएको बृहत शिक्षा सम्मेलनमा शिक्षा मन्त्री यादवले मधेश प्रदेशलाई सबैभन्दा पहिला साक्षर प्रदेश बनाउनुपर्ने आवश्यकता रहेको औँल्याए । उनले मधेश प्रदेशलाई साक्षर बनाउन साक्षर अभियानमा सञ्चालन गरिएको बताए ।
उनले शिक्षा जस्तो महत्वपूर्ण विषयमा गम्भीर हुँदै कानुनले दिएको अधिकारलाई प्रयोग गरी दीर्घकालीन योजना बनाएर शिक्षाका लागि काम गर्नुपर्नेतर्फ लागि परेको स्पष्ट पारे ।
मन्त्री यादवले मधेश प्रदेशले आफ्नो नीति तथा कार्यक्रममा पनि साक्षर मधेश बनाउने योजना रहेको भन्दै उनले प्रदेशलाई साक्षर हुँदै साक्षर नेपाल घोषणा गर्नुपर्ने आवश्यकता रहेको बताए । उनले मधेश प्रदेश शिक्षामा कमजोर रहेकै कारण यहाँको शैक्षिक अवस्था र शिक्षालयको समेत दुरावस्था रहेको बताए ।
उनले कार्यक्रम स्थलमा जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहलाई खोज्दै भने, ‘मधेशको शिक्षा कमजोर हुनुको कारण जनप्रतिनिधिले समेत शिक्षास्थल कस्तो हुनुपर्छ भन्नेतर्फ ध्यान नदिई नाफा नोक्सानतर्फ लाग्नु गलत हो ।’
मन्त्री यादवले यस कार्यक्रममा नगरप्रमुख मनोजकुमार साहलाई खोज्दै जनकपुरधामस्थित पगलाबाबा धर्मशाला क्षेत्रतर्फ रहेको राष्ट्रिय प्राथमिक विद्यालयको जग्गासमेत पर्ने गरी जनकपुरधाम उपमहानगरले बसपार्क बनाउन लागेको भन्ने कुरा गुनासोको रुपमा आएपछि सोबारे बुझ्न खोज्दा मेयरज्यूले मेरो क्षेत्राधिकार भित्र पर्ने हुनाले यसतर्फ बाधा अवरोध नगर्न भन्नु कति जायज होला, शिक्षा क्षेत्रका लागि ?’
जनकपुरधाम उपमहानगरका नगरप्रमुख मनोजकुमार साहले शिक्षास्थलको वातावरण र विद्यालय तथा बालबालिका विद्यार्थीप्रति गम्भीर नहुनु दुःखद रहेको उनको भनाई थियो । विद्यालयको छेउमा बस स्टेन्ड बनाएर विद्यालयलाई बाधा अवरोध पर्ने हुनाले यसबारेमा नगरप्रमुखको ध्यानाकर्षण गराए पनि उनले आफूलाई मेरो क्षेत्राधिकारमा पर्ने हुनाले यसतर्फ तपाईंले ध्यान दिनुपर्ने आवश्यकता नरहेको बताएको मन्त्री यादवले बताए ।
उनले प्रदेशलाई साक्षर प्रदेश बनाउन प्रदेश सरकारले नीति तथा कार्यक्रममा समेत समेटेको र मन्त्रालयले बजेट समेत छुट्याएकाले यसप्रति सरोकारवाला निकाय पनि गम्भीर हुनुपर्ने बताए । प्रदेशलाई साक्षर बनाउन दुई चरणमा कार्यक्रम सञ्चालन गरिने भन्दै उनले प्रदेशको ऐन र नियमावली पनि चाँडै ल्याउने प्रतिबद्धता जनाए ।
कार्यक्रममा शिक्षा विकास निर्देशनालयका चूडामणि फुयाँलले प्रदेशलाई साक्षर बनाउन सबैभन्दा महत्पूर्ण भूमिका स्थानीय तहको रहेको बताए । चालु आर्थिक वर्षमा प्रदेशलाई साक्षर प्रदेश बनाउने सहितका १० बुँदे प्रतिबद्धता पत्रमा समेत सम्मेलनमा सहभागी स्थानीयतहका जनप्रतिनिधि, कर्मचारी र प्रदेशका मन्त्री तथा सरोकारवालाले हस्ताक्षर गरेका थिए ।

# लागु औषध सहित एक पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले अवैध लागु औषध सहित वीरगंजको रजत जयन्ती चोकबाट एक जना मानिस पक्राउ गरेको छ ।
सोमबार दिउँसो वीरगंज महानगरपालिका वडा नं.१६ रजतजयन्ती चोक अगाडी प्रहरी चौकी इनर्वाबाट खटिएको गस्ती टोलीले रक्सौलबाट वीरगंज तर्फ पैदल आई रहेको मकवानपुर जिल्ला मनहरी गाउँपालिका वडानम्बर ६ बस्ने ४० बर्षिय कृष्ण बहादुर महरालाई चेकजाँच गर्दा निजले बोकेको झोलाबाट प्रतिबन्धित लागु औषध नाईट्राभेट ५ सय २५ पिस बरामद भएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी कुमार विक्रम थापाले बताए ।
पक्राउ परेको महरालाई थप कारवाहीका लागि अदालतबाट म्याद थप गरी प्रहरी हिरासतमा राखिएको थापाले बताए ।

# वीरगंजमा राजावादीहरुको प्रर्दशन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजका राजाबादीहरुले मंगलबार घण्टाघरमा प्रदर्शन गरेका छन् । यो मुलुक हामी नेपालीको हो, यसको संरक्षण हामी सबैले गर्नु पर्छ भन्ने नाराका साथ राजा, राजसंस्था, सनातन हिन्दु अधिराज्य कायम गर्नु पर्ने माग गर्दै प्रदर्शन गरिएको हो ।
कार्यक्रममा नेपाल राष्ट्रवाद संघका अध्यक्ष जनक लाल शाह, संगिता देवी शाह, उमा शंकर प्रसाद कलवार, राजेन्द्र पाल, अच्छेलाल साह, पृथ्वी झा, विरेन्द्र थापा, दिपेन्द्र रौनियार लगायतका व्यक्तिहरुको सहभागिता रहेको थियो ।

# ओविसी पर्साद्वारा अस्पतालमा फलफुल वितरण

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल पिछडा वर्ग (ओबीसी) महासङ्घ पर्साले मङ्गलवार वीरगंजको नारायणी अस्पतालमा फलफूल वितरण गरेको छ ।
अस्पतालको जनरल वार्डमा भर्ना रहेका बिरामी र तिनका कुरुवाहरूलाई महासङ्घ पर्साका अध्यक्ष देवनाथ महतोको नेतृत्वमा गएको टोलीले फलफूल वितरण गरेको हो ।
हिन्दुहरूको ठूलो पर्व दीपावली र छठको उपलक्ष्यमा फलफूल वितरण गरेको महासङ्घले बिरामीहरूको स्वास्थ्य अवस्थाको बारेमा समेत जानकारी लिएको अध्यक्ष महतोले बताए । फलफूल वितरण कार्यक्रममा ओबीसी महासङ्घ पर्साका जिल्ला सचिव नीरज महतो, वीरगंज नगर कमिटीका अध्यक्ष राज साह, नगर उपाध्यक्ष रितेश पटेल, दिपक महतो कमलेश पटेल, सागर प्रजापति लगायतको सहभागिता रहेको थियो ।

# स्वास्थ्य शाखाका सहसंयोजक साह लागु औषधसहित पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
सप्तरीको बोदे बर्साइन नगरपालिका स्वास्थ्य शाखाका सहसंयोजक बैजनाथ साहलाई प्रहरीले लागुऔषधसहित पक्राउ गरेको छ ।
नगरपालिकाका स्वास्थ्य संयोजक राजनारायण ठाकुरको मोटरसाइकलमा लागुऔषध राखेर फसाउने षड्यन्त्र गरेको आरोपमा सह–संयोजक साहलाई पक्राउ गरिएको जिल्ला प्रहरी सप्तरीका प्रवक्ता एवम् डीएसपी ढुण्डिराज न्यौपानेले बताए ।बोदे बर्साइन नगरपालिका वडा नम्बर ५ का सह–संयोजक साहले ठाकुरको लुम्बिनी ५५ प ५४३९ नम्बरको मोटरसाइकलमा नाइट्राभेट २७ ट्याब्लेट र स्पासमो १५ ट्याब्लेट लागुऔषध राखेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको न्यौपानेले बताए ।त्यही आरोपमा बोदे बर्साइन नगरपालिका–५ जाँजरका मोनजामुद्विन इराकीलाई समेत नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको डीएसपी न्यौपानेले जानकारी दिए ।


## बिहान ५ बजे नै पिडिएफ उपलब्ध




मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।


# बागमतीका मन्त्री दुलालका पिएसओ मृत फेला

**मधेशदृष्टि**
**वीरगंज ।**
बागमती प्रदेश भौतिक पूर्वाधार विकासमन्त्री युवराज दुलालका पिएसओ ४० वर्षीय यमबहादुर सुवेदी मृत फेला परेका छन् । उनको शव मंगलबार बिहान साढे ६ बजे हेटौंडा–११ बनदेवी मन्दिर नजिकै झुण्डिएको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक एवम् प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिए । इलाका प्रहरी कार्यालय खानीखोला धादिङ दरबन्दी भइ हाल मन्त्री दुलालको पीएसओ रहेका सुवेदीको शव मन्दिर नजिकैको सालको रुखमा कालो पेटीको पासो लगाइ झुण्डिएको अवस्थामा फेला परेको प्रवक्ता भण्डारीले बताए । प्रहरीले शव बिहानै फेला पारेको भएपनि दिउँसो मात्रै शवको सनाखत भएको हो ।
शव पोष्टमार्टमको लागि हेटौंडा अस्पतालमा राखिएको छ । मृतकको हत्या भएको वा आफैंले आत्महत्या गरेको हो भन्ने विषयमा यकिन भएको छैन घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन